# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व मानचित्रमा ०.०३% र एशिया महादेशमा ०.३% भू-भाग नेपालले ओगटेको छ । क्षेत्रफलको हिसावले १,४७,१८१ वर्ग किलोमिटर रहेको छ । क्षेत्रफलमा सानो भए तापनि नेपाल भौगोलिक विविधता, जैविक विविधता र सामाजिक, सांस्कृतिक विविधताले भरिपूर्ण छ (श्रेष्ठ र गुप्ता, १९९३) । भौगोलीक दृष्टिकोणले सानो मुलुक नेपालमा विभिन्न जातजाति, भाषाभाषी, धार्मिक र साँस्कृतिक हिसाबले अनेकता रहेपनि भावना, विचार र सद्भावमा एकता रहेको पाईन्छ । राष्ट्र निर्माता पृथ्वी नारायण शाहका अनुसार "नेपाल चार जात छत्तिस वर्णको साझा फूलवारी हो" जरुरी एउटा फूलवारीमा विभिन्न रंगीविरगी फूलहरू फूलेर वगैंचाको शोभा बढाउनको साथै सुगन्धित वनाएका हुन्छन् त्यसरी नै नेपालमा विभिन्न जातजाति जस्तै वाहुन, क्षत्री, नेवार, गुरुङ, मगर, राई, लिम्वु आदि जातजातिको वसोवासले अनेकतामा एकता रहेको आभास हुन्छ । त्यस्ता जाति मध्येको एक हो नेवार जाती ।

आदिबासी राष्ट्रियता ऐन २००२ का अनुसार-"आदिबासी राष्ट्रियता भन्नाले त्यस्तो जनजाति समूह वा समुदायलाई जनाउँछ जसको आफ्नै मातृभाषा, परम्परागत मूल्य मान्यता, छुट्टै सांस्कृतिक परिचय, छुट्टै सामाजिक संस्कार र लिखित वा अलिखित इतिहास हुन्छ ।" (HMG-N, 2002).

सामाजिक-सांस्कृतिक विविधताको विशेषता भन्नु नै जात, धर्म, जनजातियता, भाषा र संस्कृतिमा आएको विविधता हो । नेपालको कूल जनसङ्ख्या २६४९४५०४ रहेको छ जो १२५ वटा जातजातिमा बाडिएका छन् (जनगणना, २०६८) । जसमध्ये नेवारको जनसङ्ख्या १३२१९३३ रहेको छ । जुन कुल जनसङ्ख्याको ५ प्रतिशत हुन आउँछ । तीमध्ये ५७ वटा समूहहरूलाई "आदिबासी जनजाति" भनिन्छ ।

काठमाडौ उपत्यकाको सवैभन्दा पुरानो वासिन्दा हुन् नेवार जाति लिच्छवि र किरातिहरूको लामो सामाजिक अन्तरक्रिया पछि नेवार जातिको उत्पति भएको उल्लेख छ । यिनीहरू तिव्वती बर्मन भाषिक समुहभित्र पर्दछन् । नेवार एउटा जाति भन्दा बृहत विभाजन हो जस अन्तर्गत विभिन्न जातिहरू संलग्न रहेका छन् । जयस्थिति मल्लले नेवारी समाजको पुनर्गठन गरी जातीय विभाजन गरेपछी यस जातिमा सामाजिक विभेदहरू देखिन थालेका थिए । अधिराज्यमा शहरी केन्द्रमा यिनीहरूको धेरैधेरै घनत्वको वसोवास छ । यिनिहरूको मुख्य पेशा व्यापार नै हो तर पनि ज्यापुहरू खेती-किसानीमा नै सीमित छन् । उच्च व्राहमणदेखि अछुत सम्मका जातिगत समुह नेवार समुदायमा पाईन्छ । थर अनुसारको कार्य विभाजन यिनीहरूमा छ । नेवारहरू हिन्दु तथा वौद्ध धर्म मान्ने गर्दछन् । केहीले हिन्दु र केहिले वौद्ध धर्म माने पनि दुवै धर्मप्रति आस्था राख्छन् (विष्ट, २०३०) ।

नेवारलाई एउटै समुहमा राख्ने प्रयास गरेपनि यस जातिभित्र विभिन्न उपजाति र धर्मावलम्वीहरू छन् । व्राहमण, क्षत्री, बैश्य र शुद्धमा नेवारहरू स्तरीकृत छ । उदाहरणका लागि वौद्धमार्गी नेवारकोमा गुभाजुले र हिन्दुमार्गी नेवारको ढेभाजुले पुरोहितको काम गर्दछन् । क्षत्री अर्न्तगत प्रधान, श्रेष्ठ, राजभण्डारी पर्दछन् भने वैश्यमा ज्यापुहरू अनि शुद्रमा कसाई पोडेलाई राखिएको छ । नेवार समुदायमा अति महत्वपूर्ण रूपमा सङ्गठीत संस्था हो गुठी । यसले विभिन्न कार्यमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । नेवार समुदायको धार्मिक सामाजिक तथा आर्थिक संस्था हो । थकाली जातिको “ढिकुटी”, गुरुङ जातिको “रोधी” भए जस्तै नेवार जातिको “गुठी” हुन्छ । गुठी भन्ने शव्द संस्कृतको ‘गोष्ठी’ वाट अपभ्रम्श भई वनेको हो । संस्कृत भाषामा गोष्ठीको अर्थ सभा सम्मेलन भेला वा परिषद भन्ने वुझिन्छ । समयको अन्तरालमा गोष्ठी भन्दा भन्दै गुठी हुन गएको हो । सामुहिक उतरदायित्व वहन गर्ने हिसाावले गोष्ठी हुँदाहुँदै गोष्ठीवाट कार्यले समाजमा सन्तोषजनक योगदान दिन सकेको कारणले गुठिको स्थायित्व परम्परादेखी नै वढ्दै गईरहेको छ । मानिस समाजविना अलग भएर वाँच्न सक्दैन । त्यसैले सहयोग र सद्भावना सबै पक्षवाट कायम रहनुपर्छ भन्ने भावनाको प्रतिक नै गुठी हो (टण्डन, २०५२) ।

परम्परा देखि नै पितृसत्तात्मक मुल्य मान्यतामा आधारित रहेको नेवारी संस्था गुठीले सामाजिक आर्थिक, धार्मिक, साँस्कृतिक व्यवस्थालाई सन्तुलनमा राख्ने काम गर्दछ । जुन ईशापूर्व पाँचौ शताब्दीबाट नै गुठी व्यवस्था अस्तित्वमा रहेको पाइन्छ । जो केही सामाजिक

मूल्य मान्यतालाई आत्मसात् गर्दै आफ्ना सम्पूर्ण गुठीयारहरूलाई अनुशासनमा बाँध्ने काम गर्दछ । गुठीको मुख्य मान्छे वा नेतृत्वकर्ता भनेको "नायो" वा "थकाली" हुन्छ जसको निर्णयलाई सबै गुठियारले समर्थन गर्दछन् भने जसको आदेशलाई सम्पूर्ण गुठियारले मान्दछन् । गुठीमा नीति नियम बनाउनमा थकालीको मूख्य भूमिका हुन्छ । गुठी भनेको एक सामाजिक सङ्गठन हो जो नेवार समुदायको अभिन्न अङ्ग बनेको छ । यसले समाजमा सामाजिक सद्भाव कार्यम गर्न महत्वपूर्ण भूमिका खेलेको छ जस्तै सामाजिक, आर्थिक, धार्मिक, मनोरञ्जनात्मक आदि । समाजमा यसको यस्तै कार्यहरू देखेर मानिसहरू गुठिमा आवद्ध हुन लालयित देखिन्छन् । मानिसहरूलाई कसरी सामाजिक बन्ने भन्ने कुरा गुठिले सिकाउँछ । मानिसको सामाजिकीकरण प्रक्रियामा गुठीको महत्वपूर्ण भूमिका हुन्छ । मानिसलाई सामाजिक जिम्मेवारी वहन गर्न सिकाउने नै गुठी हो । गुठीले आर्थिक कार्य पनि गर्दछ । आफ्ना सदस्यहरूलाई ऋण सुविधा उपलब्ध गराउने गर्दछ । गुठीले एकातिर मनोरञ्जनात्मक कार्यमा गीत सङ्गित सम्बन्धी कार्यक्रम र वनभोज जस्ता कार्यक्रमहरू आयोजना गरी मनोरञ्जन प्रदान गरिन्छ भने अर्कोतिर गुठियारहरू बीचमा सहकार्य र सद्भाव जगाउँछ जसले गर्दा उनीहरू बीचमा "हामी" को भावनाको विकास हुन्छ ।

परम्परा देखीनै समाजमा आईपर्ने वा आवश्यक भएका कार्यहरू सवै मिलि सङ्गठित भई गनुपर्ने पाठ गुठी व्यवस्थाले सिकाउँदै आएको छ । नेपालमा गुठीको महत्व धर्म र संस्कृतिको साथै लोक कल्याणकारी भावनाको जगेर्ना गर्दै समाजलाई सन्तोषजनक योगदान पुऱ्याउदै आईरहेको कारणले वढ्दै गईरहेको छ । नेपाली समाज धर्मप्रति आस्थावान् भएकाले गुठि व्यवस्था भूमि व्यवस्थाको उपजको रूपमा देखापर्ने आईरहेको छ । परम्परागत रूपमा गुठि नगद वा जिन्सीको रूपमा राखिदै आए तापनि नगदको अभावको कारणले भुमि नै गुठिको रूपमा राखिदै आएको पाईन्छ । गुठिको ईतिहासलाई हेर्दा लिच्छवि राजा मानदेव प्रथम चाँगुनारायणको वि.स. ५२१ को अभिलेखमा पहिला गुठी शव्दको उल्लेख कुनै न कुनै रूपमा भएको पाईन्छ । त्यसकारण लिच्छविकालमा गुठी व्यवस्था प्रौढ रूपमा पुगिसकेका थियो भन्न सकिन्छ (वज्राचार्य, २०३०) ।

चाहे हिन्दु होस् या वौद्ध नेवारहरूको आ-आफ्नो गुठी हुन्छ । गुठिले नै उनीहरूलाई अनुशासनमा वस्छ । गुठि संस्था नेवार समुदायमा वााहेक अरु समुहायमा कमै मात्रामा पाईन्छ । गुठी संस्था नेवार समुदायमा वाहेक अरु समुदायमा कमै मात्रामा पाईन्छ । गुठी

संस्थावाट कुनै पनि नेवारले आफुलाई अलग राख्ने काम गर्न सक्दैनन् । गुठिको पनि धेरै प्रकारहरू छन् । ती मध्ये प्रमुख तिन गुठी यस प्रकार छन्:

१) देवाली गुठी  २) साना गुठी  ३) सीं गुठी

साना गुठी र सिं गुठीको काम मृत्यु संस्कार सँग भए तापनि तिनका वेग्ला वेग्लै प्रकारको काम र उतरदायित्व हुन्छ । सीं गुठीले शव डढाउने र दाह संस्कार गराउने काम गर्दछ भने साना गुठिले शव डढाउन आवश्यक सहयोग गर्ने र घाटसम्म सँगै गएर अरु आवश्यक सहयोग गर्ने गर्दछ । साना गुठीले त्यस्तै अप्ठयारो नपारी शव उठाउने र दाहसंस्कार गर्ने वा गराउने काम गर्दैन । यसवाट भन्न सकिन्छ कि साना गुठीले आफु त्यसमा नमुछिकन प्रवन्धकको मात्र कामा गर्दछ (शर्मा, २०३९) ।

मानिस सामाजिक प्राणी भएको र समाजविना मानिसको कुनै अस्तित्व नभएको हुनाले 'गुठी' संस्थाले केही मानवीय झुण्डहरुलाई एकतामा बाँध्नुका साथै एकअर्का बीच सहयोग र सद्भाव कायम गर्दछ । नेवारी जनजीवनमा प्रकार्यात्मक एकता झल्काई महत्वपूर्ण अङ्गको रूपमा कार्य गरेको पाइन्छ । यसैले नेवार समुदायमा गुठीको प्रकार्य, मानव बीचको सम्बन्धमा आधारित रही यस अध्ययन गर्न गरिएको छ ।

## १.२ समस्याको कथन

समाजशास्त्रीय अर्थमा एक निश्चित नियम र कार्यप्रणालीको सम्बन्धको आधारमा वन्ने मानवहरूको समुहलाई नै समाज भनिन्छ । समाज वन्नका लागि समाजका सदस्यहरू बीच आपसी संम्वन्धी हुनु आवश्यक छ किनभने जवसम्म समाजका एवम सदस्यको अर्को सदस्यप्रति पारस्पारिक चिनजान, क्रिया, अन्तरक्रीया नभएसम्म त्यसलाई समाज निर्माण भएको भन्न सकिदैन । त्यसैले समाज भनेको सामाजिक सम्वन्धको जालो हो । जसरी समय गतिशिल हुन्छ । त्यसरी नै समाज पनि गतिशिल हुन्छ । शिकारी संकलित समाजवाट आधुनिक समाजसम्म आईपुग्दा मानिसहरू विचको आपसी संम्वन्ध अन्तरक्रियामा धेरै परिवर्तन आएको भान हुन थालेको छ ।

आजको २१ औं शताव्दीको युगमा मानिसहरू परस्पर सम्वन्ध सहयोगको भावनावाट धेरै टाढिएका छन् र व्यक्तिवादी एवम् स्वार्थी वनेका छन् । अहिलेको समयमा मानिसले आफ्नो

वारेमा मात्र सोच्न गरेको पाईन्छ र उ असामाजिक बन्दै गएको छ । यस्तो व्यक्तिवादी, प्रतिस्पर्धी र असमान समाजमा पनि नेवार समुदायमा गुठी विद्यमान रहेको छ ।

जस्तै सामाजिकीकरण प्रक्रियामा गठीको भूमिका, सामाजिक, साँस्कृतिक, धार्मिक र आर्थिक पक्षमा कस्तो प्रभाव पार्दछ, गुठीका सदस्ययहरुको बीचमा कस्तो क्रियाकलाप रहनेछ आदि विविध विषयमा अध्ययन गर्नु नै प्रमुख समस्या रहनेछ ।

यस अध्ययनमा निम्न प्रश्नहरूको उतर खोज्ने प्रयास गरिने छ :

- गुठीमा आवद्ध भएका परिवारहरु बीचको सम्बन्ध के कस्तो रहेको छ ?
- गुठी सङ्गठनले नेवार समुदायमा पारेको प्रभाव कस्तो छ ?
- गुठी सङ्गठनप्रति नेवारहरु कत्तिको आस्था एवम् विश्वास राख्दछन् ?
- गुठीले वृद्ध, वृद्धा बालबालिका तथा महिलालाई कस्तो व्यवहार गर्दछ ?
- गुठीले नेवार समुदायको परिवारको सदस्यहरुको सामाजिकीकरण कसरी गरेको छ ?

## १.३. अध्ययनको उद्देश्यहरू

यस अध्ययनको मुख्य उद्देश्य भनेको गुठी र परिवार बीचको सम्बन्धको अध्ययन गर्नु रहेको छ अन्य उद्देश्यहरु निम्न रहेका छन्:

- गुठी व्यवस्थाले नेवार समुदायको समाजिक, आर्थिक तथा धार्मिक पक्षमा पारेको प्रभाववारे विश्लेषण गर्नु ।
- गुठीमा समावेस भएका परिवारहरु बीचको सम्बन्धको बारेमा अध्ययन गर्नु ।

## १.४ अध्ययनको सीमाहरू

अध्ययनको उद्देश्य, प्रकृति र समयको कारण निश्चित दायराभित्र राखी अध्ययन गर्नुपर्ने देखिन्छ । सामाजिक सङ्गठनको अध्ययनको सार्थकतालाई त्यसको सीमाले निर्धारण गर्ने गर्दछ । पो.उ.म.न.पा वडा नं -३, का नेवार समुदायका मानिसहरूवाट निर्मित सिं गुठीलाई यसको अध्ययन क्षेत्र बनाईएको छ । उक्त टोलका सिं गुठीको गुठियार भाइहरूमा मात्र

सीमित रहेको छ । यो गुठीको अध्ययनले अन्य ठाउँको गुठी र नेवार समुदायको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

## १.५ अध्ययनको औचित्य

गुठी सङ्गठनमा गुठीयार भाइहरू बिचमा उत्तरदायित्व वहन गर्ने काममा दिन प्रतिदिन निष्क्रियता बढिरहेको छ । अहिलेको युवा जमातले बाबुबाजेले जस्तो साङ्गठनिक क्रियाकलापलाई निरन्तरता दिने हो कि होइन भन्ने विषयमा दिविधा सृजना भएको छ । अहिलेको युवा जमातको वदलिदो व्यवहारले गुठी सङ्गठनलाई कतै गुठी सिद्धान्त अनुरूप डोऱ्याउन नसक्ने त होइन भन्ने स्थिति देखा परेकाले यस वारेमा समयको गतिसँगै मानिस पनि गतिशिल भइरहन्छ तर पनि सङ्गठनले सामाजिक संरचनालाई जीवन्तता दिन्छ भने त्यसलाई निरन्तरता दिने कार्य पनि सकारात्मक कार्य भएकाले यस तर्फ उत्प्रेरित गर्ने सबै खालका सवाललाई महत्त्वका साथ लिनु आवश्यक मानिन्छ । गुठी सङ्गठनले समुदायका गुठियार भाईका बिचमा एकता र सामीप्यता कायम राख्दै सहकार्यको भावना अनुसार मानविय ढङ्गले चल्न उत्प्रेरित गर्ने हुनाले आफ्नो समाजमा केही गर्नुपर्दछ र सामाजिक सांस्कृतिक कार्यमा एउटा ईटा थप्नु पर्दछ भनी दायित्ववोध गराउन पनि यस्ता अध्ययनको महत्त्व हुन जान्छ । अन्यथा विशिष्ट संस्कृतिका धनी नेवारहरूको मौलिक संस्कृति विलिन हुदै जाने क्रममा काठमाडौ उपत्यकामा मात्र सीमित हुन पनि सक्दछ । नेवारहरूको विशिष्ट संस्कृति अन्य जातिहरूको प्रभावले गर्दा दिन प्रतिदिन परिवर्तनको दिशामा उन्मुख छ । यस अध्ययनले प्रचलित पद्धती अनुसार गुठी सङ्गठनको अवस्था र महत्त्वलाई झल्काएको छ । गुठियारहरूको व्यवहारमा विगत र वर्तमानमा भएको परिवर्तन वारेमा यस अध्ययनबाट थाहा पाइएको छ । यस अध्ययनले पो.उ.म.न.पा. वडा नं. ३ का विभिन्न टोलमा अन्य जातिहरूसँग मिश्रित रूपमा बसोबास गर्ने नेवार जातिको अवस्थालाई समेत प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण र सामाजिक एकता गर्नमा निकै उपयोगी हुँदाहुँदै पनि आधुनिकता र वाह्य सांस्कृतिक परिवर्तनले गुठी व्यवस्थापनमा केहि निष्क्रियता ल्याउने हो कि भन्ने शङ्का जन्माएको छ जसले गर्दा गुठीको प्रकृति, नीतिनियम बारेमा भविष्यमा थाहा नहुन सक्छ । त्यसकारण पनि यो अध्ययन क्षेत्रको गुठीको अध्ययनले भविष्यमा एउटा महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

## १.६ विशिष्ट शब्दावलीको अर्थ

| | | |
|---|---|---|
| सिं गुठी | - | मानिस मर्दाखेरी सहयोग गर्ने गुठी सङ्गठन |
| परिवार | - | गुठीमा आवद्ध भएको परिवार (एक घरधुरी वरावर एक परिवार) |
| थकाली/नायो | - | गुठी सङ्गठनको कार्य समितिको प्रमुख |
| शाक्य | - | सुनचाँदीको काम गर्ने मानिस |
| मानन्धर | - | तेल पेल्ने काम गर्ने मानिस |
| ज्यापू | - | खेतीपातीको काम गर्ने मानिस |
| नकर्मी | - | फलामको काम गर्ने मानिस |
| ब्यञ्जनकार | - | खाना पकाउने काम गर्ने मानिस |
| कपाली | - | लुगा सिलाउने काम गर्ने मानिस |
| खड्गी/न्याचा | - | मासु काट्ने काम गर्ने मानिस |
| नापित | - | कपाल र नङ काट्ने काम गर्ने मानिस |
| थुस्ले | - | जोगी |
| नाः छुईगु | - | वच्चाको नाम राख्ने काम (न्वारन गर्ने) |
| मचाः जङ्कु | - | वच्चाको अन्नप्राशन/पास्नी (भात खुवाउने) |
| ईहीः/वेलविवाह | - | कन्याहरूको रजस्वला हुनुभन्दा अगाडि गरिने संस्कार/यस संस्कारमा कन्याको वेलसँग विवाह गराईन्छ। यो संस्कार कन्या छ देखि सात वर्षको हुँदा सम्पन्न गरिन्छ। |
| वाहा तकेगु | - | यो संस्कार पनि कन्याहरूको रजस्वला हुनुभन्दा अगाडि गरिन्छ। यस संस्कारमा कन्याको विवाह सूर्यसँग गराईन्छ। यो संस्कार कन्या दसदेखि एघार वर्षको हुँदा सम्पन्न गरिन्छ। |
| भीम रथारोहण | - | मानिसको उमेर सतहत्तर वर्ष सात महिना सात दिनको हुँदा यो संस्कार सम्पन्न गरिन्छ। यस संस्कारलाई मानिसको दोस्रो जन्मको रूपमा लिइन्छ । यस संस्कारमा मानिसलाई रथमा राखी शहर परिक्रमा गराइन्छ। |
| देव रथारोहण | - | मानिसको उमेर अठासी वर्ष आठ महिना आठ दिनको हुँदा यो संस्कार सम्पन्न गरिन्छ, यस संस्कारमा पनि मानिसलाई रथमा राखी शहर परिक्रमा गराइन्छ। |

**दिव्य रथारोहण -** मानिसको उमेर उनान्सय वर्ष नौ महिना नौ दिनके हुँदा यो संस्कार सम्पन्न गरिन्छ, यस संस्कारमा पनि मानिसलाई रथमा राखी शहर परिक्रमा गराइन्छ ।

**महादिव्य रथारोहण-** मानिसको उमेर एक सय आठ वर्ष आठ महिना आठ दिनको हुँदा यो संस्कार सम्पन्न गरिन्छ, यस संस्कारमा पनि मानिसलाई रथमा राखी शहर परिक्रमा गराईन्छ ।

**न्ह्यानूमा** - सातौं दिन

**गुनु** - नवौं दिन

**घासु** - वाह्रौं दिन

**लक्ष्या** - पैतालिसौं दिन

**खुँला** - छ महिना

**दाकिला** - एक वर्ष

**निऱ्हा** - दुई वर्ष

## १.७ अध्ययनको सङ्गठनात्मक ढाँचा

यो शोधपत्र जम्माजम्मी सातवटा अध्यायमा सङ्गठित छ । पहिलो अध्यायमा गुठीको परिचय, शोधपत्रको शीर्षक अनुसार उद्देश्य, शोध अध्ययनको लागि आवश्यक पर्ने अनुसन्धान प्रश्नहरू, अध्ययनको औचित्यको व्याख्या गरिएको छ । दोस्रो अध्यायमा अवधारणागत पृष्ठभूमि राखिएको छ जसमा गुठीको सामान्य परिचय, गुठीको कार्यको व्याख्या गरिएको छ । त्यसैगरी शोध शीर्षकलाई सिद्धान्तसँग मेल गराई व्याख्या गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधिलाई राखिएको छ । जसमा तथ्याङ्क सङ्कलन गर्दा प्रयोग गरिने विधि तथा स्रोतहरूलाई समावेश गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विशेषताको व्याख्या गरिएको छ । अध्याय पाँचमा नेवार समुदायमा गुठीले पारेको प्रभावको व्याख्या एवम् विश्लेषण गरिएको छ । जसमा गुठीले नेवार समुदाय भित्रको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमा पारेको प्रभावलाई हेरिएको छ । अध्याय छ मा गुठी र परिवार बीचको सम्बन्ध पत्ता लगाइएको छ । जसमा आर्थिक, धार्मिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई हेरिएको छ । अन्त्यमा सातौं अध्यायमा सारांश, निष्कर्या एवम् सुझावहरू समावेश गरिएको छ ।

# अध्याय दुई

## पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस अध्यायमा शोध अध्ययनको शीर्षक र उद्‌देश्य अनुरूप सैद्धान्तिक खाका, पूर्व साहित्यको अध्ययन, प्रकाशित पुस्तक पुस्तिकाहरूको सहयोगबाट व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### २.१ अवधारणागत पृष्ठभूमि

नेपाल विविधताले भरिएको देश हो । यहाँ वहुधर्म, वहुजाति, वहुभाषा, भौगोलिक विविधता पाइन्छ । नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये एक जाति हो नेवार । नेपालको आदिवासीमध्ये एक हो नेवार जाति । थकाली जातिको “ढिकुटी” गुरुङ जातिको “रोधी” भए जस्तै नेवार जातिको “गुठी” हुन्छ । गुठी भनेको नेवार समुदायको त्यस्तो सामाजिक संस्था हो जसले उनीहरूको सामाजिक आर्थिक व्यवस्थालाई सन्तुलनमा राख्ने काम गर्दछ । ईशापूर्व पाँचौ शताब्दीबाट नै गुठी व्यवस्था अस्तित्वमा रहेको पाइन्छ । वर्तमान अवस्थामा गुठी संस्थाहरू मृतक जस्ता देखिएका छन् र अस्तित्वमा भएकाहरू पनि खाली नाम मात्रको प्रतिनिधित्व गरेको जस्तो देखिन्छ ।

गुठी संस्था भनेको पितृसत्तात्मक हुन्छ जो केहि सामजिम मूल्य मान्यतालाई आत्मसात् गर्दै आफ्ना सम्पूर्ण गुठीयारहरूलाइ अनुशासनमा बाँध्ने काम गर्दछ । गुठीको मुख्य मान्छे वा नेतृत्वकर्ता भनेको “नायो” वा “थकाली” हुन्छ जसको निर्णयलाई सबै गुठियारले समर्थन जनाउँछन् भन जसको आदेशलाई सम्पूर्ण गुठियारले मान्दछन् । गुठीमा नीति नियम बनाउनमा थकालीको मूख्य भूमिका हुन्छ । गुठी भनेको एक सामाजिक सङ्गठन हो जो नेवार समुदायको अभिन्न क्षेत्र बनेको छ । यसले समाजमा सामाजिक सद्‌भाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेको छ । यसले समाजमा विभिन्न कार्यहरू गर्दछ जस्तै सामाजिक, आर्थिक, धार्मिक, मनोरञ्जनात्मक आदि । समाजमा यसको यस्तै कार्यहरू देखेर मानिसहरू गुठीमा आवद्ध हुन लालयित देखिन्छन् । यसले मानिसहरूलाई कसरी सामाजिक बन्ने भन्ने कुरा सिकाउँछ । मानिसको सामाजिकीकरण प्रक्रियामा गुठीको महत्वपूर्ण भूमिका हुन्छ । मानिसलाई सामाजिक जिम्मेवारी वहन गर्न सिकाउने नै गुठी हो । गुठीले आर्थिक कार्य पनि

गर्दछ । यसले आफ्ना सदस्यहरूलाई ऋण सुविधा उपलब्ध गराउने गर्दछ भने मनोरञ्जनात्मक कार्य जस्तै धार्मिक कार्यक्रम, गीत संगित सम्बन्धी कार्यक्रम र वनभोज जस्ता कार्यक्रमहरू आयोजना गरी एकातिर मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतिर गुठियारहरू बीचमा सहकार्य र सद्भाव जनाउँछ जसले गर्दा उनीहरू बीचमा "हामी" को भावनाको विकास हुन्छ ।

यस्तो नेवारी जनजीवनकै महत्वपूर्ण अङ्गको रूपमा रहेको गुठी संस्था र नेवार समुदाय बीचको सम्बन्धको अध्ययन गर्न खोजिएको छ ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

### २.२.१ सैद्धान्तिक पृष्ठभूमि

सामाजिक, साँस्कृतिक व्यवस्थालाई सञ्चालन गर्नका लागी त्यस व्यवस्थामा सम्वन्धित विभिन्न भागहरूको अन्तरक्रियात्मक प्रकार्यात्मक सम्वन्धले प्रमुख भूमिका निर्वाह गर्दछ । सामाजिक व्यवस्था एउटा संरचना हो । जसभित्र आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक तथा साँस्कृतिक व्यवस्थाहरू रहेका हुन्छन् । यी विभिन्न व्यवस्थाभित्र पनि यिनलाई सञ्चालन गर्ने व्यक्ति समुह, जातजाति, पद, भूमिका, उद्देश्य तथा पद्धति रहेका हुन्छन् । यसैले समाज एउटा व्यवस्था हो । यही व्यवस्थाको अध्ययनमा त्यस व्यवस्था भित्र रहेका जति पनि भागहरू छन् तिनले सकारात्मक भूमिका निर्वाह गरेका छन् र ती भागहरू बिच अन्योन्याश्रित प्रकार्यात्मक सम्वन्ध रहेको हुन्छ भन्ने मान्यताको विश्लेषण गर्ने एउटा ढाँचा तथा उपागमनलाई संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण भनिन्छ । सामाजिक व्यवस्था सञ्चालनका नियम र प्रक्रियाहरूको यसमा व्याख्या गरिन्छ । जुन व्याख्याको केन्द्रविन्दुमा सामाजिक व्यवस्था सञ्चालनका एकाईहरू बिच रहने प्रकार्यात्मक सम्वन्ध, अन्तरनिर्भरता तथा सामाजिक सन्तुलनको मान्यतालाई जोड दिईन्छ । यस दृष्टिकोणले सामाजिक सत्यताको पहिचानका लागी सामाजिक जीवनमा अधारित सम्पूर्ण पक्षको अन्तर सम्वन्धनात्मक अध्ययनमा जोड दिनुपर्ने मान्यता राख्दछ । समाजको वाह्य संरचना भन्दा पनि भित्री सुक्ष्म तहको गठनको प्रक्रियाको विश्लेषणलाई यस उपागमनले जोड दिन्छ । यस अवधारणामा समाजलाई सामाजिक व्यवस्थाका रूपमा अवधारणागत विश्लेषण गर्न निर्दिष्ट ढाँचाको अवलम्वन गरिन्छ ।

समाजशास्त्र विकासको इतिहास त्यती पुरानो छैन । सन् १८३८ मा अगष्ट कम्ट ले यस विषयलाई छुट्टै विज्ञानका रूपमा स्थापित गराए । त्यस्तै अन्य विद्वानहरूमा दुर्खिम, स्पेन्सर, मार्क्स, वेवरको नाम अगाडि आउँछ (आचार्य, २०६२) ।

समाजिक संरचना र यसभित्रको प्रकार्यात्मक अन्तर सम्वन्ध र अन्तर निर्भरताको विश्लेषण र प्रकार्य सम्वन्धको स्थिति, कार्यकारणको प्रभावको विवेचना आदि पक्षको विश्लेषण विना समाज र संस्कृतिको समग्र पक्षको अध्ययन हुन सक्दैन भन्ने मान्यतालाई अगाडि राख्दै १९ औं शताव्दीको अन्त्य र २० औं शताव्दीको प्रारम्भबाट यसको शुरुवात भएको हो । वर्तमान समयमा पनि सामाजिक घटनाको अध्ययन अनुसन्धान गर्दा त्यसमा सम्वन्धित संरचनात्मक प्रकार्यात्मक स्वरूपको विशेषता अनिवार्य मानिन्छ । अगष्ट कम्टले जव समाजशास्त्रको विकास सन् १८३८ तिर गरे र त्यसपछी विभिन्न समाजशास्त्रीहरूले यसको महत्वलाई प्रष्ट पार्दै गए यसै क्रममा संरचनात्मक प्रकार्यवादको विकास सन् १९५०-६० को दशकमा उत्तर अमेरिकावाट भयो । संरचनात्मक प्रकार्यात्मक प्रारुप एउटा महत्वपूर्ण अवधारणा हो । जसले समाजलाई उद्‌विकासवाद र प्रसारवाद अवधारणाको आलोचना गरि व्यवस्था उपागमनवाट विश्लेषण गर्दछ । यस अवधारणामा योगदान दिने मुख्य विद्वानहरू दुर्खिम, मेलोनोस्की, ब्राउन, पार्सन्स, मर्टन हुन् (आचार्य, २०६२) ।

समाज संस्कृतिको घटनाक्रम प्रष्ट पार्नका लागी कुन इकाईको कहाँ कस्तो प्रभाव छ भन्ने तथ्य सर्वप्रथम दुर्खिमले "सामाजिक घटनाको कार्यकारण सम्वन्ध"मा उल्लेख गरेको छ दुर्खिमले समाज कायम हुनका लागी समाजका आवश्यकता पूर्ति हुनुपर्दछ भन्ने मान्यता अगाडि सारे । उनको सिद्धान्तको प्रमुख आधार समाज हो । उनका अनुहार सामाजिक आवश्यकता पूर्ति र सामाजिक व्यवस्था कायम गर्नका लागि विभिन्न प्रकार्यहरू हुने गर्दछन् । मेलिनोस्कीले व्यक्तिवादी प्रकार्यको वारेमा जोड दिएका छन र संस्कृतिले प्रत्येक तहमा व्यक्तिको आवश्यकता पूरा गर्दछ भन्ने उल्लेख गरेका छन । उनको प्रकार्य विश्लेषण २० औं शताव्दीमा समाजशास्त्रीय सिदान्तमा धेरै प्रख्यात पनि भयो । उनले तीनवटा बुँदामा व्याख्या गरेका छन् (आचार्य, २०६२) ।

१. जैविक (स्वास्थ्य) २. सामाजिक संरचनात्मक (पूर्णता)

३. प्रतिकात्मक (साँस्कृतिक एकता)

उनका विचारमा सामाजिक संरचनाका प्रक्रीयाहरू, संस्थाहरू र सांस्कृतिक मुल्य-मान्यताहरू व्यक्तीका आवश्यकता पूर्तिका लागी निर्माण भएका हुन् (आचार्य, २०६२) ।

ब्राउनले प्रक्रिया, कार्य र संरचनाका वारेमा जोड दिदै समग्र संरचनालाई कायम राख्न प्रत्येक इकाइको एकतामा जोड दिए अर्थात् समाजको अध्ययन गर्नको लागी समग्र संरचनाको अध्ययन गर्न जरुरी हुन्छ । उनले समाजको संरचनात्मक पक्षलाई वढी जोड दिएका छन् । उनका अनुसार सामाजिक संरचना विभिन्न संस्थाहरू बिच हुने संम्वन्धको समष्टीगत स्वरूप हो र यी वीच हुने सम्वन्धको विभिन्न प्रकार्यले सामाजिक संरचनालाई निरन्तरता प्रदान गर्दछन् (आचार्य, २०६२) ।

स्पेन्सरले संरचनामा जैविक समानता देखेर समाजशास्त्रमा प्रकार्यवाद भित्र्याए । समाजको विश्लेषण सधै सरलवाट जटिल र समानतावाट विविधतामा जान्छ भनी प्रकार्यमा जोड दिन्छन् ।

नवप्रकार्यवादी मर्टन, स्ट्रस, पार्सन्स जस्ता विद्वान्हरूले नयाँ अवधारणाको विकास गराए । मर्टनले प्रत्येक तत्वले कार्य मात्र गर्दैन अकार्य पनि गर्दछन् र प्रत्येक कार्य गतिशिल नभै गतिहिन पनि हुन्छ भनेका छन् । त्यसैगरी मर्टनले सामाजिक व्यवस्थालाई सकरात्मक प्रक्रीयाले निरन्तरता दिन्छ भन्ने मान्यतालाई अगाडी राख्दै प्रकार्य, एकता, सर्वव्यापकता आवश्यकीय माथि प्रकाश पारेका  छन् (आचार्य, २०६२) ।

पार्सन्सले सामाजिक अनुकरण/एकत्रित पक्षलाई महत्व दिर्द सामाजिक व्यवस्थाका चारवटा आधारभुत प्रकार्यात्मक पूर्व आवश्यकहरूमा अनकुलता, उद्‌देश्य प्राप्ति, पूर्णता र लेटेन्सीको मान्यता प्रस्तुत गर्दछन् ।

स्ट्रसका अनुसार भाषाका आधारमा संरचनाको निर्माण हुन्छ भनी जोड दिए । मुख्यतः समाजमा अन्तरक्रिया हुन्छ र प्रत्येक एकाईहरू एक अर्कोमा अन्तरनिर्भर पनि हुन्छन् । यी सवै प्रकार्यात्मक सम्वन्धहरूले मात्र समाज अस्तित्वमा रहेको हुन्छ र यसवाट नै समाज र संस्कृतिको अध्ययन, विश्लेषण र निष्कर्षमा पुगिन्छ भन्ने उनको मान्यता छ ।

समाज भनेको विभिन्न इकाईहरू मिलेर वनेको एउटा सिङ्गो संरचना हो । मानव शरिर जस्तै समाजका विभिन्न अङ्गहरू हुन्छन् । जसको आ-आफ्नो कार्य हुन्छ । यी एक आपसमा

अन्तरनिहित र अन्तर सम्वन्धित हुन्छन् । जसले एउटा सिङ्गो संरचनाको निमार्ण हुनपुग्छ यसैलाई संरचना भनिन्छ । यो संरचनाको भित्रको इकाईहरू र सिङ्गो संरचना स्वयंको पनि आ-आफ्नो कार्य हुन्छन् । त्यसै कार्य रूपलाई प्रकार्य भनिन्छ । जसले गर्दा सिङ्गो स्वरूपलाई निरन्तरता दिई राखेको हुन्छ । यही नै संरचनात्मक प्रकार्यवादको मुल स्तर तत्व हो (आचार्य, २०६२) ।

संरचनात्मक प्रकार्यत्मक सिद्धान्त उद्विकास र प्रसारवादको आलोचनामा जन्मिएको सिद्धान्त हो । उद्विकासवादले जहिले पनि समाजको परिवर्तन एउटा तहवाट अर्को तहमा हुने कुरालाई वर्णन गर्दछ । जसरी एउटा सानो अणुबाट सिङ्गो मानव शरीरको निर्माण हुन्छ त्यसैगरी समाज पनि सामान्यवाट जटिलतिर अग्रसर हुन्छ । उद्विकासवादको विरुद्धमा प्रसारवाद आयो । जसले समाज एउटा चरणवाट अर्को चरणमा परिवर्तन हुँदै जाने प्रक्रियालाई  आलोचना गऱ्यो । यस सिद्धान्तले साँस्कृतिक प्रसारले नै समाज परिवर्तन हुँदै जाने प्रक्रियामा ठूलो भूमिका खेलेको हुन्छ भन्ने कुरालाई जोड दियो । त्यस्तै यी दुवै सिद्धान्तमा रहेको कमी कमजोरीलाई आलोचना गर्दै संरचनावाद र प्रकार्यवादको पार्दुभाव भएको हो । तसर्थ यसभित्र रहेका विभिन्न भागहरू बिचको समन्वयात्मक र अन्तर सम्वन्धले नै सिङ्गो समाजलाई क्रियाशील गराई राखेको छ (आचार्य, २०६२) ।

### २.२.२ **नेवारी समाजसँग सैद्धान्तिक सम्बन्ध**

**नेवारी समाजमा प्रकार्यात्मक एकता**

नेवारी समाजमा धेरै जटिलताहरू छन् त्यसका वावजुत पनि त्यति नै रूपमा ती जटिल एकाइहरू बीच प्रकार्यात्मक एकता स्पष्ट रूपमा देख्न सकिन्छ । नेवारी समुदायमा रहेका विविध चाडपर्वहरू, गुठीहरू, जन्म, मृत्यु, संस्कारसँग जोडिएका सामाजिक व्यवहारहरू यी सबै आफैंमा जटिल छन् । तरपनि प्रत्येकको प्रत्येकसँग अर्थपूर्ण सम्बन्ध रहेको देखिन्छ । उदाहरणका रूपमा नेवारी परिवारमा कसैको मृत्यु हुँदा कसले शवलाई छुने, कसले शव बाजा बजाउने भन्ने सम्पूर्ण कार्यमा साना गुठीको सदस्यहरूको भूमिका स्पष्ट पारिएको छ । यसैगरी जातिगत पेशाका कारण समग्र नेवारी समुदायका व्यक्ति तथा समूहहरू एक आपसमा अन्तरनिर्भर रहेका छन् । जहाँ की एउटा समूहको अभावमा पनि शवलाई शव दाह स्थल सम्म पुऱ्याउन सकिदैन । यसैले आर. के. मर्टनल विकास गरेका प्रकार्यात्मक

एकताको मान्यता तथा टालकोट पार्सन्सको सामाजिक संरचनाका अवधारणाको प्रयोग यहँ भएको छ । नेपाली समाजलाई एउटा संरचना मानेर विभिन्न समूहहरूबीचको प्रकार्यात्मक एकतालाई देखाइएको छ (अर्याल, २०६८) ।

### नेवारी सामाजिक संरचनामा सामाजिक सहभतिको पक्ष

नेवारी सामजिक संरचनामा विविधता देखिन्छ । यहाँ उच्च नोर जातदेखि पानी नचल्ने नेवार जातसम्मका मानिसहरू पनि छन् । तर पनि त्यसभित्र द्वन्द्वको अवस्था देखिदैन । यो तथ्य पनि प्रकार्यावादीहरूको विश्लेषणसँग सम्बन्धित छ । समाजमा परम्परागत मूल्य, मान्यता, नियम र प्रचलनले महत्व कायम गरेको छ । यसको अभिप्राय सामाजिक एकीकरणसँग सम्बन्धित छ । कुनै जाति उच्च र न्यून भएपनि परम्परागत रूपमा एक अर्कामा निर्भर छन् । यसले संरचनागत प्रकार्यवादी शैली तथा ढाँचालाई नेवारी समाजमा राम्ररी देखाउन सकिन्छ । प्रकार्यवादीहरू दुर्खिम, पार्सन्स र ब्राउन आदि सबैले सामाजिक सहभागितालाई जोड दिएका छन् जसलाई नेवारी समाजमा प्रयोग गरी हेर्न सकिन्छ (अर्याल, २०६८) ।

### संरचना, उपसंरचना र एकाइहरु बीचको प्रक्रिया

नेवारी समाजलाई एउटा मूल संरचना मान्न सकिन्छ । जसभित्र थुप्रै उपसंरचना तथा एकाइहरूको संरचनागत प्रकार्यात्मक सम्बन्ध रहेको छ । विभिन्न गुठीहरू विभिन्न जातिगत समूहसँग सम्बन्धित छन् । त्यस अन्तर्गत सामाजिक, प्रचलनहरू रहेका छन् । प्रत्येक तहका संरचनागत प्रकार्यात्मक सम्बन्ध र व्यवहारले सिङ्गो प्रणालीलाई अस्तित्वमा राखेको छ । दुर्खिमको श्रम विभाजन र सामाजिक पूर्णता जस्ता अवधारणाको प्रयोग गरी नेवारी समाजमा रहेका विभिन्न एकाइहरू तथा प्रति एकाइका बीचको सम्बन्ध यसमा देखाउन सकिन्छ । पेशागत विभाजन, गुठीमा सदस्यहरूको सामाजिक, सांस्कृतिक क्रियाकलापहरू बीच रहेको सम्बन्धको बारेमा उल्लेख गर्न सकिन्छ (अर्याल, २०६८) ।

### प्रकार्यात्मक अपरिहार्यता

नेवार समुदायमा विद्यमान रहेका सामाजिक व्यवस्थाका विभिन्न पक्षलाई अनिवार्य तत्व मान्न सकिन्छ । सामाजिक व्यवस्थामा यस्ता सामाजिक सांस्कृतिक मान्यताहरू गुठी

व्यवस्था र त्यसभित्रको व्यक्ति वा जातिहरूको भूमिका, विभिन्न पर्व, उत्सव तथा जात्राहरूका बारेमा विश्लेषणात्मक चित्रण गरिन्छ जसबाटै संरचनात्मक प्रकार्यात्मक पद्धतिको नियमलाई बुझ्न सकिन्छ । त्यसैले नेवारी समाजमा रहेका गुठीहरू, पर्वहरू, जात्राहरू, आदि सबैको सञ्चालन प्रक्रियाले नै यस्ता एकाइहरूको अपरिहार्यतालाई देखाउँछ । प्रत्येकको विशिष्ट प्रकार्य छ तर सबै एकाई अरू सबै एकाइसँग त्यति नै जिम्मेवार छन् (अर्याल, २०६८) ।

**प्रकट कार्य र अप्रकट कार्य**

नेवारी समुदायमा रहेका व्यवहार पद्धति तथा सामाजिक प्रक्रियाहरूमा प्रकट र अप्रकट कार्य रहेको बारेमा यहाँ चर्चा गरिन्छ । जुन अवधारणा प्रकार्यवादी आर के. मर्टनले विकास गरेका थिए । गुठी व्यवस्थाभित्र रहने प्रत्येक जातिगत भूमिका, विभिन्न चाडपर्वहरू, विवाहवारी यी सबै प्रकट कार्य हुन् । जसले सामाजिक आर्थिक उद्देश्य पूरा गरेको हुन्छ । यसैगरी यस्ता कार्यबाट हुने मूल्य मान्यताको संरक्षण, मानसिक सन्तुष्टि, सामाजिक एकता, संस्कृतिका निरन्तरता जस्ता पक्षहरू लुप्त कार्यहरू हुन् (अर्याल, २०६८) ।

**समाज सधैँ सङ्गठित, स्थायी र सन्तुलित रहन्छ भन्ने मान्यता**

नेवारी समाजलाई यस अर्थमा सङ्गठित, स्थायी र सन्तुलित मान्न सकिन्छ कि जातिय आधारमा नेवारी समाजमा जति विविधता छ त्यति नै साङ्गनिक एकता छ । गुठी व्यवस्थापनमा सबै आवद्ध भएका छन् । परम्परादेखि प्रचलनमा रहेका मान्यता, व्यवहार, पर्व आदि सबैले समाजमा स्थायित्व पाएका छन् । यसबाटै त्यो समाज सन्तुलित र एकिकृत देखिन्छ । नेवारी समाजमा रहेको हरेक तहको विविधताले त्यस समाजलाई झन् स्थायी बनाएको छ । अनेकौ व्यक्ति, अनेकौ संस्था, कार्य तथा पर्वमा सामेल हुन्छन् तर सबैको सबैसँग अन्योन्याश्रित सम्बन्ध रहेकाले सामाजिक एकता झन् बलियो बनेको छ (अर्याल, २०६८) ।

## २.३. पूर्व अध्ययनको समिक्षा

नेपालमा गुठी परम्परा कसरी प्रचलनमा आयो भन्ने सम्वन्धमा समाजमा विभिन्न धारणाहरू विद्यमान रहेको पाईन्छ । कला, कौशल र सँस्कृतिको दृष्टिले लिच्छवीकाललाई स्वर्ण युग

मानिन्छ । यिनै कलाकौशल र शैलीहरू मुख्यत:मन्दिरहरूको साथै गुम्भा विहार, भवन, दरवार, पाटीपौवा, धारो, चौतारो, बाटोघाटो आदिमा देखिने हुँदा समाजमा लोक परोपकारी कार्यमा वढि ध्यान दिईन्थ्यो । धर्म र संस्कृतिको रक्षा र स्थायित्वको लागी कार्यहरू हुन्थे भन्ने थाहा हुन्छ जसका प्रमाणका लागी शिलालेख, अभिलेख, ताम्रपत्र, वंशावली, डायरी, आदि राखिन्थे (बज्राचार्य, २०३०) ।

"गुठी" भन्ने शब्द संस्कृत भाषाको "गोष्ठी" भन्ने शब्दबाट आएको हो । गोष्ठीको अर्थ मानिसहरू जम्मा हुने वा भेला हुने हुन्छ (रेग्मी, १९७८, तोफिन, २००७) । गुठी भनेको एक सामाजिक संस्था हो र यो एक परम्परागत सांस्कृतिक अभ्यास पनि हो । सामान्य अर्थमा गुठी भनेको मानिसहरूको समूह हो जो साझा उद्देश्यको लागि एकत्रित हुन्छन् । गुठी सङ्गठन धार्मिक मान्यताबाट प्रभावित छ त्यसैले यसले धर्मलाई महत्व दिन्छ । मानिसका जीवनका धेरै संस्कारहरू (जन्मदेखि मृत्युसम्म) लाई निरन्तरता दिन, संस्कृतिलाई संरक्षण गर्न र विभिन्न धार्मिक पर्वहरू मनाउन गुठी गठन हुनुपर्ने मान्यता रहेको पाइन्छ (बज्राचार्य, १९९८, बज्राचार्य, २००८) ।

शुरूवातमा राजामहाराजाहरूले निश्चित उद्देश्यका लागि जस्तै मठमन्दिरको सरसफाई, मन्दिरमा पूजाआजा, आयोजना गर्नका लागि गुठी व्यवस्थाको स्थापना गरेको पाइन्छ । त्यस्तो गुठीलाई "राज गुठी" भनिन्थ्यो । पछि सर्वसाधारण जनताले पनि निजी गुठी सङ्गठन खोल्न थाले जसलाई "निजी गुठी" वा "दुनिया गुठी" भनिन्छ । यसको उद्देश्य चाहि सामाजिक र धार्मिक कार्य गर्नु गराउनु थियो (रेग्मी, १९७६) ।

गुठी सङ्गठनहरू कामको प्रकृतिको आधारमा फरक-फरक भए । निजी गुठीहरूको उद्देश्य जे जस्तो भएपनि मूख्य कुरा चाहि एक पुस्ताबाट अर्को पुस्तामा परम्परा हस्तान्तरण गर्नु, सामाजिक संस्थालाई व्यवस्थित बनाउनु र समुदायका मानिसहरूलाई एकतामा बाङ्नु हो । मानिसहरूमा "हामी" को भावना जागृत गराउनु धार्मिक कार्यमा विश्वास जगाउनु रहेको छ । नेवारी जीवनमा गुठीको यस्तै महत्वपूर्ण कार्यले गर्दा गुठीलाई नेवारी संस्कृतिको एक महत्वपूर्ण टुक्राको रूपमा लिइन्छ ।

"मानिस जन्मनुको अर्थ मर्नु हो र जन्मेपछि केहि न केहि नाम कमाउने काम गर्नुपर्दछ भन्ने धारणा नेपाली समाजमा हालसम्म पनि कायमै रहेको छ । समाजमा विभिन्न वर्गका

मानिसहरू रहन्छन् । जसमा असहाय, दिन दुःखीहरू,साधु-सन्त, तिर्थयात्रीको, खानपान, वसोवास, सेवासुविधा दिन समाज र देशलाई भोक, रोग, अशिक्षा, महामारी, युद्धवाट वचाउन पनि गुठी राख्ने गरेको पाईन्छ । दिवङ्गत आफन्तहरूको सम्झनामा उनीहरूलाई स्वर्ग र मोक्ष प्राप्तीका साथै आफ्नो परिवारको दीर्घायुको कामना गरी रोगवाट छुटकार पाउन कीर्ति राख्न पनि गुठी राखेको पाईन्छ । निर्माण गरिएका धारा, पाटी पौवा, पुल-पुलेसा, मन्दिर आदीको संरक्षण र सर्म्वधन र दैनिक सेवाका लागी गाउँवस्ती, व्यक्ति, समुदाय, संघसंस्थालाई कार्यभार सुम्पी सञ्चालन गरिने चलन थियो" (श्रेष्ठ, २०६६) ।

यसरी गुठी राख्ने परम्परा परलोक सुधार्न वा पुर्नजन्ममा सुख प्राप्त गर्न, फल पाउन प्रचलनमा आएको हो भन्न सकिन्छ । वास्तवमा भन्ने हो भने गुठीको उत्पती कृषि प्रणालीको परम्परागत व्यवस्थापन र सङ्गठनवाट भएको हो । भूमिलाई कृषियोग्य र उर्वरा वनाई उव्जनी वढाउन वाझो भूमि गुठी भूमिको रूपमा वितरण गरेको पाईन्छ । राजस्व वृद्धि गर्न पनि गुठीको उत्पति भएको पाईन्छ । नेपाली समाजमा रहेको पुर्नजन्मप्रतिको विश्वास आगामी पिंढीको लागी समाजमा वंशको छाप कायम राख्ने हेतुले पनि गुठीको अस्तित्व हालसम्म पनि कायम रहेको हो भन्न सकिन्छ । प्रायजसो सिं गुठी र अन्य गुठीहरू नेवारी समुदायमा हालसम्म पनि प्रचलित छन् जसमा भूमि तथा सम्पति हुँदैन । यो एकै खालको समुदायको सङ्गठनमा प्रचलित हुन्छ । आफ्ना खलकभित्रका व्यक्तिको मृत्यु भएमा सवैजना जम्मा नभएसम्म दाह संस्कार नगरिने भएकाले अन्तिम कार्य गर्न पनि गुठी राखीने कुरा थाहा हुन्छ । यहि सिं गुठिको उत्पति नेवार समुदायवाट भएको हुन सक्दछ (पौड्याल, २०३६) ।

"मानिस मरेपछि सिं गुठीलाई खवर गर्दछन् । साना गुठीका सदस्यहरू जम्मा हुन्छन् । मृतकलाई अन्त्येष्टिका लागि बाँस सहित अन्य सामाग्रीहरू गुठीयारले नै व्यवस्था गर्दछन् । यस समयमा विवाहित छोरीको उपस्थितिको आवश्यकता पर्दछ (नेपाली, १९६५) ।

नेवार समाज वास्तवमा पितृसत्तात्मक समाज हो । गुठी सङ्गठनमा महिलाहरूको एकदम न्यून भूमिका हुन्छ । महिलाहरू गुठीसँग त्यतिवेला आवद्ध हुन्छिन् जतिबेला उनको परिवार गुठीमा आवद्ध हुन्छ नत्र भने कदापि महिलाहरू गुठीको सदस्य हुँदैनन् । पुरुष मात्र गुठीको सदस्य हुन्छ र उसैले परिवारको प्रतिनिधित्व गर्दछ (गुरुङ, २०००) ले आफ्नो विचार यसरी व्यक्त गरेका छन् गुठी सम्बन्धी "गुठीमा पुरुषहरूको वर्चस्वमात्र हुन्छ त्यसैले यो "मेन्स

क्लब” हो । गुठीको वैठकमा भेला हुँदा महिलाहरूलाई सम्मिलित गराइदैन । यति सम्मकी खाना बनाउने काम महिलाहरूको हो तर पनि पुरुषहरू नै यसमा संलग्न हुन्छन् ।

नेवार समुदायको सामाजिक संरचनालाई एकदम जटिल मानिन्छ । जात र उपजातको वर्गीकरणको कारणले गर्दा उनीहरू बीचमा परम्परागत पेशाको आधारमा जातिय क्षेत्री निर्माण भएको हुन्छ । नेवार जातिलाई उनीहरूको पेशाको आधारमा राजा जयस्थिति मल्लले ६४ वटा उपजातिमा बाँडेका थिए (वैद्य, १९९१), फुरर हैमेनडर्फ, १९५६) । हिन्दु धर्मले पनि जात व्यवस्थालाई समर्थन गरेको छ जसअनुसार हिन्दु धर्ममा चार जात रहेका छन् ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र (प्रभवनन्द  र इसरउड, १९४४) । ब्राह्मणलाई यो जगतको सृष्टिकर्ता भनिन्छ भने जाति व्यवस्थाको सृष्टि पनि ब्राह्मणले नै गरेको विश्वास गरिन्छ । ब्राह्माको मुखबाट ब्राह्मण, पाखुराबाट क्षेत्री, साप्राबाट वैश्य र पैतालाबाट शुद्रका उत्पत्ति भएको मानिन्छ । ब्रह्माले जातलाई श्रेणीगत तहमा विभाजन गरिदिए । ब्राह्मण सवभन्दा माथि, त्यसपछि क्षेत्री, वैश्य र शुद्रलाई राखिदिए (श्रेष्ठ, २००२) । यहि जाति व्यवस्थालाई आधार मानेर नेवार समुदायलाई ६४ उपजातिमा विभाजन गरिएको छ । पेशाको आधारमा नेवार जाति व्यवस्थालाई हेर्दा पेशाको आधारमा यस्तो उदाहरण दिन सकिन्छ : बज्राचार्य भनेका बौद्धमार्गी पूजारी हुन् भने देउभाजु भनेका हिन्दुमार्गी पूजारी हुन् । व्यापरीमा तुलाधर, कंसकार, जोशी (ज्योतिष) , शाक्य (सुनको काम गर्ने), मानन्धर (तेल पेल्ने), ज्यापू (किसान), नकर्मी (चामलको काम गर्ने), कपाली (लुगा सिलाउने), व्यञ्जनकार (खाना बनाउने), खड्गी (मासु काट्ने) आदि । यी जातिमध्ये केहिलाई अछुत जाति भनेर तल्लो तहमा राखिएको छ (चट्टोपाध्याय, १९८०) ।

नेवार समुदायमा जन्म संस्कार बच्चा जन्मेको दिनबाट शुरू हुन्छ । पहिलो संस्कारलाई “व्याकेगु” भनिन्छ जसलाई चौथो/छैटौ/दशौं/एघारौ दिनमा सम्पन्न गरिन्छ । तर यो संस्कार सोमबार र बुधबारका दिन गर्नु हुँदैन (राजभण्डारी, २००८, टोफिन, १९७५) । बच्चा जन्मेपछि नजिकका आफन्तहरूलाई सूतक परेको मानिन्छ त्यसैले यो संस्कार सूतकबाट चोख्याइनका लागि गरिन्छ । अर्को संस्कार भनेको बच्चाको नाम जुराउने “नाः छुएगु” जसलाई नेपालीमा “न्वारन” भनिन्छ त्यो सम्पन्न गरिन्छ एघारौं दिनमा । न्वारनको दिनमा पुरोहितले बच्चा जन्मेको मिति र समयको आधारमा ग्रहहरूको र सूर्यको आधारमा बच्चाको राशी र नाम जुराउने काम गर्दछ (राजभण्डारी, २००८) ।

राशीको नाम सार्वजनिक गर्नुहुँदैन भन्ने मान्यता रहेको छ (टोफिन, १९७५) । यो दिनलाई आफ्ना आफन्तहरू बोलाई भेलाई गराई भोज भतेर गरी मनाइन्छ । बच्चाको जीवनमा अर्को महत्वपूर्ण संस्कार भनेको “अन्नप्राशन” हो जसलाई नेपालीमा “पस्नी” भनिन्छ । यदि बच्चा केटा जन्मिएमा सात महिनामा र यदि केटी जन्मिएमा पाँच महिनामा यो संस्कार सम्पन्न गरिन्छ । यो संस्कारमा बच्चालाई भातमा गाईको दूध मिसाएर चाँदीको सिक्काले खुवाइन्छ (राजभण्डारी, २००८) ।

नेवार समुदायमा केही बच्चा उमेरले पाँचदेखि एघार वर्ष पुगेको खण्डमा उसको विवाह गर्ने चलन छ जसलाई “ईही” अथवा “बेल विवाह” भनिन्छ । यो संस्कार बच्चाको पहिलो रजस्वला हुनुभन्दा अगाडि गरिन्छ र विजोड उमेर जस्तै पाँच, सात, नौ, एघार वर्षमा गरिन्छ । यस विवाहमा दुलाहा मानिस नभएर वेल हुन्छ । वेल लाई विष्णु भगवान्को प्रतिक मानिन्छ । नेवार समुदायमा एउटा यस्तो विश्वास रहेको छ की, मानिस विश्वास गर्न योग्य नहुन सक्छ त्यसैले पहिलो विहे विश्वासिलो हुनुपर्दछ । अर्को विश्वास विहे वेलसँग गरिन्छ र वेल भनेको विष्णु भगवान्को प्रतिक भएकाले ऊ कहिल्यै पनि विधवा हुदैन (शाक्य, २००९, राजभण्डारी, २००८) ।

वेल विवाह भइसकेपछि नेवार कन्याहरूले अर्को संस्कार पूरा गर्नुपर्ने हुन्छ जसलाई “बाऱ्हा तकेत्रु” भनिन्छ जसलाई नेपालीमा “सूर्यदर्शन” भनिन्छ जसमा कन्याहरूलाई एउटा अँध्यारो कोठामा राखिन्छ जसलाई “गुफा” भनिन्छ । यस संस्कारमा बाह्र दिनसम्म कन्यालाई एउटै कोठामा राखिन्छ । यो संस्कार पनि रजस्वला हुनुभन्दा पहिला गरिन्छ । यो संस्कारको अवधिभर बाऱ्हा राखिएको केटीले विपरीत लिङ्गीलाई हेर्नुहुँदैन । यो संस्कारको मूल उद्देश्य भनेको कन्यालाई यौवन अवस्था, किशोरावस्था र यौनशिक्षा सम्बन्धी ज्ञान दिनु रहेको छ (डङ्गोल, २०१०) । यो संस्थालाई पनि नेवार कन्याको दोस्रो विवाह मानिन्छ किनभने यस संस्कारमा कन्याको विवाह सूर्यसँग गरिन्छ । सूर्यलाई बह्माको प्रतिक मानिन्छ । कन्यालाई बाह्रै दिनसम्म एउटा अँध्यारो कोठामा राख्न भनेको शुद्धताको प्रतिक हो र अन्तिम दिनमा कन्याले सर्वप्रथम सूर्यलाई हेर्दछ त्यसैले यस संस्कारलाई सूर्यदर्शन भनिन्छ ( शाक्य, २००९) ।

केटाहरूको सन्दर्भमा उनीहरूको यौवनावस्थामा व्रतबन्ध संस्कार सम्पन्न गरिन्छ । जसमा नाउले केटाको कपाल काट्छ त्योभन्दा अगाडि केटाको मामाले केटाको कपाल थोरै काटी

शुरूवात गर्ने गरिन्छ । केटाको कपाल काट्दै गर्दा केटाको फुपुले कपाल थाली थाप्ने चलन छ । त्यसपछि केटा भिक्षुको भेषमा लौरो र मृगको छाला लिएर भिक्षा माग्ने गर्दछ र आफन्तहरूले भिक्षा दिने गर्दछन् ।

नेवार समुदायमा यौवनावस्थामा गरिने संस्कारको महत्वपूर्ण अर्थ रहन्छ । कन्याहरूको सन्दर्भमा वेल विवाह र वाऱ्हा राख्ने संस्कार अनिवार्य हो भने केटाहरूको सन्दर्भमा ब्रतबन्ध संस्कार अनिवार्य मानिन्छ । नेवार समुदाय त्यो संस्कार विना केटा र केटीहरू सामाजिक जीवनका लागि योग्य मानिदैनन् ।


नेवार समुदायमा हिन्दु परम्परा अनुसार विवाह कार्य सम्पन्न गरिन्छ । विवाहमा दुर्व तर्फको कुरा छिन्ने कामको लागि लम्हीले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ र प्रायजसो मागी विवाह नै हुने गर्दछ । नेवार समुदायमा विवाहलाई धार्मिक विश्वासका रूपमा लिइन्छ । विवाहलाई पवित्र बन्धनको रूपमा लिइन्छ जसको बन्धन टुट्नुलाई अपराध ठानिन्छ । विवाह हुनुभन्दा अगाडि केटा र केटीको चिना भिडाएर हेर्ने चलन छ । चिना मिलेमा मात्र विवाह हुने सम्भवना बढ्छ (बज्राचार्य, १९५९) । नेवार समुदायको परिवार प्रायजसो संयुक्त हुने हुनाले र इष्टमित्र, आफन्तलाई बोलाउनुपर्ने बाध्यता भएकाले विवाहमा अलि बढी नै खर्च हुन्छ (राजभण्डारी, २००८) ।

नेवार समुदायमा एउटा विश्वास रहेको छ की यदि कुनै पनि मानिस सतहत्तर वर्ष सात महिना र सात दिनको छ भने उसले नयाँ जीवन शुरू गर्दछ । पाँच महिना र सात महिनाको हुँदा गरिने जङ्कु संस्कार नै फेरी पनि दोहोऱ्याइन्छ । वृद्ध र वृद्धाका लागि जसलाई भीम रथारोहण भनिन्छ । उनीहरूको दोस्रो जन्मको रूपमा । जब मानिस अठासी वर्ष आठ महिना र आठ दिनको हुन्छ तव यहि प्रक्रिया अपनाइन्छ जसलाई देव रथारोहण भनिन्छ । यदि मानिस उनान्सय वर्ष नौ महिना र नौ दिनको हुन्छ भने फेरी पनि जङ्कु संस्कार सम्पन्न गरिन्छ जसलाई दिव्य स्थारोहण भनिन्छ । यदि मानिस एक सय एघार वर्ष, आठ महिना र आठ दिन बाँच्छ भने जँफु संस्कार सम्पन्न गरिन्छ जसलाई महादिव्य स्थारोहण भनिन्छ । यी सबै प्रक्रियाहरूमा मानिसलाई पूजिन्छ, सम्मान दिइन्छ र रथमा बोकेर टोल परिक्रमा गराइन्छ (डङ्गोल, २०१०) ।

नेवार समुदायलाई कुनै पनि मानिसको मृत्यु भएमा विभिन्न संस्कारहरू पालना गर्नुपर्दछ । शव जलाउनु अघि विभिन्न धार्मिक मान्यता र चलनलाई पालना गर्नुपर्दछ । शव जलाउनु अघि विभिन्न धार्मिक मान्यता र चलनलाई पालना गर्नुपर्दछ । शव जलाएको दिनदेखि तेह्र दिनसम्म क्रियापुत्रीले त क्रिया गर्नुपर्‍यो त्यो बाहेक सातौ दिन (न्ह्यान्नूमा) नवौं दिन (गुनु), बाह्रौं दिन (घासु) लाई विशेष महत्वपूर्ण दिनको रूपमा लिइन्छ । त्यसैगरी पैचलिसौं दिन ( लत्या), छ महिना (खुला), एक वर्ष (दाकिला) र दुईवर्ष (निन्हा) लाई महत्वका साथ मृत्युसंस्कार सम्पन्न गरिन्छ । १३ औं दिनको दिनमा आफ्ना आफान्त, इष्टमित्रलाई प्रसाद खुलाउने चलन छ । मृत्युसंस्कार वा गुठीले महत्वपूर्ण भूमिका खेल्दछ । शवलाई गुठीयारले मात्र छुने नेवारी समुदायमा मान्यता रहेको छ । शवलाई बोक्ने देखि लिएर जलाउने काम सम्म गुठीले जिम्मेवारीका साथ गर्ने गर्दछ (डङ्गोल, २०१०) ।

पूर्व अध्ययनहरुको समष्टिगत अध्ययन गर्दा प्रायः सबैजसो अध्ययनमा गुठीको महत्वलाई अध्ययन गरेको पाइयो । यो अध्ययनले मुख्य रुपमा गुठीले नेवार समुदायमा पारेको सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षमा पारेको प्रभावलाई केलाइएको छ । त्यस्तै यस अध्ययनले गुठी र परिवार बीचको सम्बन्ध, गुठीले सामाजिकीकरण प्रक्रियामा खेलेको भूमिकाको अध्ययन गर्न खोजिएको छ ।

## २.४ अवधारणात्मक खाका




गुठी नेवार समुदयको एक सामाजिक सङ्गठन हो । विभिन्न जनजातिको आफ्नै खालका सामाजिक सङ्गठन हुने गरेका छन् । थकालीको ढिकुटी, गुरुङको रोधी जस्तै नेवारको गुठी हो । गुठीले समाजका हरेक क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ । गुठीले समाजमा सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक प्रभाव पारेको छ । गुठीले गुठियारहरूबीच सामजिक एकता, सहकार्य, सामाजिक सद्भाव तथा बालबच्चाको सामाजिकीकरण प्रक्रियामा सकारात्मक प्रभाव पारेको छ । त्यस्तै गुठियारहरू बीच आर्थिक लेनदेन, ऋण उपलब्ध, बचत सङ्कलन जस्ता आर्थिक उन्नतिका लागि समेत सकारात्मक भूमिका निर्वाह गर्दछ । हरेक जात तथा जातिको आफ्नै भेषभूषा, रहनसहन, संस्कृति, भाषा हुने गर्दछ । गुठीले विभिन्न चाडपर्व, मेला तथा जात्रा आयोजना गरी नेवार समुदायभित्र प्रकार्यात्मक एकता

कायम गरेको छ। विभिन्न सार्वजनिक सम्पदाको निर्माण तथा मर्मत कार्यमा समेत गुठीले सकारात्मक भूमिका निर्वाह गरेको छ । गुठी सङ्गठनले नेवार समुदायभित्र विभिन्न सामाजिक, आर्थिक तथा धार्मिक पक्षमा सकारात्मक भूमिका निर्वाह गरेको छ । जस अन्तर्गत परिवारभित्र मेलमिलाप, सामाजिक उत्तरदायित्व तथा सामाजिकीकरण प्रक्रियामा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यी यावत् कुरालाई वस्तुगत दृष्टिले व्याख्या एवम् विश्लेषण गर्दा नेवार समुदायमा गुठीले सामाजिक एकता तथा प्रकार्यात्मक एकता कायम गरेको पाइन्छ।

# अध्याय तीन

## अनुसन्धान विधि

आफ्नो अध्ययनलाई पूर्ण बनाउन, उद्देश्य पूरा गर्न शोध अध्ययनको क्षेत्र, ढाँचा, नमूना छनौट, तथ्याङ्कको प्रकृति, तथ्याङ्क सङ्कलन विधि एवम् तथ्याङ्कको व्याख्या विश्लेषण मुख्य रुपमा यस अध्यायमा गरिएको छ ।

यस जनजातिय अध्ययन गुणात्मक दृष्टिकोणलाई आधार बनाई गरिएको छ । अध्ययनको क्रममा नेवारहरूको वाहुल्यता रहेको ठाउँको भ्रमण गर्दा त्यसलाई अवलोकन गरिएको छ । अध्ययन क्षेत्रको भ्रमणको क्रममा त्यहाँ रहेका गुठीका सदस्यहरूसँग अन्तरवार्ता लिइएको थियो । साथसाथै गुठीले गर्ने कार्यहरूको अवलोकन पनि गरिएको थियो । यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । यही ढाँचामा केन्द्रित रही नेवार समाजको सामाजिक सङ्गठन गुठी र परिवार बीचको सम्बन्धलाई अवलोकन गरी व्याख्या गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. ३ मा नेवारहरुको बाहुल्यता रहेको छ । नेवार समुदायको सास्कृतिक संस्था गुठी हो र यस क्षेत्रमा तीनवटा गुठी हाल सञ्चालनमा रहेका छन् । यस क्षेत्रमा सञ्चालित गुठीमा प्रायजसो नेवारहरु आवद्ध रहेका छन् । वर्तमानसमयसम्म पनि यस क्षेत्रमा रहेको गुठीको अध्ययन भएको देखिदैन । त्यसैले अध्ययनमा यस क्षेत्रलाई छनोट गरिएको छ । गुठीले नेवारी समुदायमा सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थामा कस्तो भूमिका खेलेको छ भन्ने कुराको अध्ययन गरेको छ । त्यस्तै गुठी र परिवार बीचको सम्बन्ध कस्तो छ भन्ने कुराको समेत अध्ययन गरेको छ ।

### ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनमा गुठीले नेवार समुदायमा पारेको प्रभाव तथा गुठी र परिवार बीचको प्रकार्यात्मक सम्बन्ध बारे अध्ययन गरिएकाले यस अनुसन्धानमा संरचनात्मक प्रकार्यवाद

प्रारुप प्रयोग गरिएको छ । गुठीले नेवार समुदायमा के कस्तो प्रभाव पारेको छ र गुठी र परिवारको सम्बन्ध कस्तो छ भन्ने बारेमा अध्ययन गरिएकोले यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत एवम् प्रकृति

अध्ययनको उद्देश्य अनुरूप नेवारी समुदायमा गुठीको प्रभाव तथा परिवार बीचको सम्बन्ध बारे महत्व अध्ययन स्थलमा नै उपस्थित भई प्राथमिक तथ्याङ्क सङ्कलन अन्तर्गत अर्न्तवार्ता अनुसूचीबाट प्राप्त तथ्याङ्क, ग्रका मुख्य सूचना दाताहरूबाट प्राप्त जानकारी, अवलोकनबाट प्राप्त जानकारीहरू मुख्य तथ्याङ्कहरू रहेका छन् । नेवारी समुदायका प्राचीन दस्तावेज, अभिलेखहरू, प्रकाशित स्मारिका एवम् पुस्तकहरूबाट लिएका तथ्याङ्हरू द्वितीय तथ्याङ्को रूपमा रहेका छन् ।

## ३.४ समग्र र नमूना छनौट

पोखरा उप-महानगरपालिका वडा नं. ३ मा बसोबास गर्ने नेवार समुदायका ६०० घरधुरी मध्ये गुठीमा आवद्ध भएका ९० घरधुरीलाई मात्र लिइएको छ । उक्त घरधुरीहरु सघन गणना विधिको प्रयोग गरी प्रत्येक घरमुलीलाई प्रत्यक्ष रूपमा भेटी अन्तवार्ता अनुसूचिको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धान कर्ता अध्ययन क्षेत्रमै उपस्थित भई अध्ययनका लागि आवश्यकपर्ने प्राथमिक तथ्याङ्क सङ्कलनका साधनहरू अन्तर्वार्ता, अवलोकन र समुहगत छलफल विधि प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### अन्तरवार्ता अनुसूची

औपचारिक र अनौपचारिक रूपमा कुनै अनुसन्धानमा निर्दिष्ट उद्देश्यका लागि लक्षित प्रश्नहरूको उत्तर प्राप्त गर्न उत्तरदाता र अन्तरवार्ता लिने व्यक्तिका बीच दोहोरो व्यवस्थित वार्तालाप नै अन्तरवार्ता हो । जहाँ तथ्याङ्क सङ्कलनको क्रममा व्यक्तिगन

तहमा रहेर अनुसन्धानकर्ताले उत्तर दातासँग प्रत्यक्ष रूपमा भेटघाट गरी आवश्यक सूचना लिन्छ । तथ्याङ्कको विश्वसनियता र प्रतिउत्तरदर बढी होस् भन्ने दृष्टिकोणमा यो विधिको निकै महत्त्व छ । कुनै पनि विषयमा व्यक्तिको विचारलाई प्रत्यक्ष कुराकानी गरेर बुझ्ने पद्धति नै अन्तरवार्ता हो । अनुसन्धानमा सहभागी पद्धति अवलम्वन गरी कुनै पनि समस्या स्वयम् भोग्ने मानिससँग वा सरोकारवाला व्यक्तिसँग सँगै रहेर सोधपुधका माध्यमबाट अन्त्रवार्ता लिन सकिन्छ । संरचित वा असंरचित, नियन्त्रित वा अनियन्त्रित, व्यक्तिगत वा सामूहिक आदि तरिकाबाट सूचना सङ्कलन गर्दै नयाँ सत्य तथ्य पत्ता लगाउने समस्याका कारण खोज्ने र आगामी अनुसन्धानका लागि परिकल्पना निर्माण गर्न सकिन्छ ।

शोध अधययनको लागि उत्तरदाताहरूलाई तीन समूहमा वाँडिएको थियो जसमा गुठीको नाचोको समूह, गुठियारहरूको समूह र युवाहरूको समूह थियो । नाचो र गुठियारलाई गुठी संत्र सम्बन्धित प्रश्न सोधिएको थियो त्यस्तै गुठीको कार्य, गुठीको क्रियाकलाप र मृत्यु संस्कार र अन्य चाडपर्वमा सहभागिताको प्रश्न थियो भने युवाहरूको समूहलाई सामान्य प्रश्न सोधिएको थियो । अन्तरवार्ताको क्रममा २६ वटा प्रश्नहरू सोधिएको थियो ।

## अवलोकन

अनुसन्धानकर्ताले आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै अनुसन्धान परिवेशलाई प्रत्यक्ष नियाल्दछ भने त्यसलाई अवलोकन भनिन्छ । समाजशास्त्रीय, मानवशास्त्रीय, मनोविज्ञान लगायत अध्ययनमा मानवीय अन्तरसम्बन्धको स्वरूप बुझ्न, उनीहरूको व्यवहार, क्रियाकलाप र गतिविधिलाई बुझ्नका साथै अनुसन्धानमा आवश्यक पर्ने समस्याहरूलाई सङ्कलन गर्न अवलोकन विधि निकै महत्त्वपूर्ण मान्न सकिन्छ । अनुसन्धानको विषय र प्राप्त गर्नुपर्ने सूचनाका आधारमा सूचना सङ्कलन गर्द कुन तहसम्म रहेर समुदायको अवलोकन गर्ने भन्ने कुरा निर्धारण गर्नुपर्दछ । अवलोकन सहभागीपूर्ण वा सहभागी पनि हुन सक्छ । वास्तविक संसारमा के कसरी व्यवहार भएका छन् र घटना घटिरहेका छन् भन्ने तथ्य हेरे पत्ता लगाउने तरिका अवलोकन हो । खास उद्देश्य प्राप्त गर्न कार्यक्षेत्रमा नै पुगेर प्राकृतिक प्रवृत्ति बुझ्ने विधि नै अवलोकन विधि हो ।

सामाजिक घटनाका बारेमा कार्यकारण प्राव बुझ्न विभिन्न चलहरू बीचको सम्बन्धलाई विश्लेषण गर्न स्वयम् अनुसन्धानकर्ताले कार्यक्षेत्रमा गएर निरीक्षण गरिने विधि नै अवलोकन

हो । अनुसन्धानकर्ताले प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दछ । यस विधिलाई सामाजिक अनुसन्धानको अलावा प्राविधिक विज्ञानमा पनि उपयुक्त मानिएको छ । आज अनेकौं वैज्ञानिक आविष्कारको उपलब्धी पनि घटनाको अवलोकनबाटै भएको मान्न सकिन्छ । अवलोकन विधि अपनाउने क्रममा रमा भगवति सिं गुठीले वार्षिक रूपमा आयोजना गर्ने गुठी पूजामा सहभागी भई त्यहाँको क्रियाकलापको अवलोकन गरिएको छ ।

**समूहगत छलफल विधि**

समूहगत छलफल एक प्रकारको समूहमा लिइने अन्तरवार्ता हो जसमा एक समूहमा दशदेखि बाह्र जना सम्म मानिसहरू हुन्छन् जसलाई प्रश्न सोध्ने काम अनुसन्धानकर्ताले गर्दछ । यस्तो खालको छलफलमा अनौपचारिक रूपमा सम्बन्धित विषयमा रहेर विभिन्न खाले प्रश्नहरू सोधिन्छ । यस्तो समूहगत छलफल विधिमा वहस गर्दा सम्बन्धित विषयमा जानकारी लिनको लागि समुदायको ज्यष्ठ नागरिक, सरोकारवाला, अनुभवी मानिसलाई पनि समावेश गर्नुपर्दछ । पोखरा उपमहानगरपालिका वडा नं. ३ मा रहेको तीनवटा गुठी रमा भगवति सिं गुठीका सदस्यहरूलाई छुट्टाछुट्टै भेला गराई गरिएको अनौपचारिक छलफलमा गुठी संत्र सम्बन्धित विभिन्न विषयहरू गुठीबाट पाइने ऋण सम्बन्धी मानिस मर्दापर्दा सहभागी हुने कुरामा, विभिन्न चाडपर्व र अन्य क्रियाकलापमा गुठीको सहभागिताको बारेमा छलफल गर्द गुठियारहरूबाट सकारात्मक जवाफ भएको पाइयो । यसले गर्दा समुदायभित्र गुठीले एकता कायम गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइयो ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । अध्ययन क्षेत्रबाट सङ्कलित गरिएका कोरा तथ्याङ्कहरूलाई वैज्ञानिक रूपबाट व्यवस्थित गर्न एम.एस. एक्सल प्रोग्रामको प्रयोग गरी तालिकाको प्रकृति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिनेछ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण गरिएको छ । संख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले आवश्यकता अनुसार तालिकिकरणद्वारा स्पष्ट पारि तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विशेषता

### ४.१ अध्ययन क्षेत्रको परिचय तथा भौगोलिक अवस्था

नेपालको गण्डकी अञ्चल अन्तर्गत पर्ने कास्की जिल्ला ७५ जिल्लाहरू मध्येको एक हो । यसका जिल्ला सदरमुकार पोखरा हो । राजधानी काठमाडौंबाट २०० कि.मि. पश्चिममा पर्ने पोखरा, काठमाडौं र विराटनगरपछिको ठूलो शहर हो । पोखरा पर्यटनको प्रचुर सम्भावना बोकेको पर्यटकीय शहर हो । पोखरा पदयात्राको प्रवेशद्वारको रूपमा समेत प्रख्यात छ । पोखराबाट देखिने अन्नपूर्ण तथा धौलागिरी हिमश्रृङ्खला हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको यहाँ घुइचो लाग्ने गर्दछ । प्रशासनिक कार्य सञ्चालन गर्नका लागि पोखरा उप महानगरपालिकाले पोखरालाई १८ वडामा बाडेको थियो भने २०७१/०८/१६ को निर्णय अनुसार आसपासका १० ओटा गा.वि.स.लाई समेत गाभी पोखरालाई २८ ओटा वडामा बाँडेको छ (कान्तिपुर दैनिक, २०७१/८/१७) । ती २८ वडाहरू मध्येको एक हो वडा नं. ३ । आजकल भनिने “पुरानो बजार” अन्तर्गत यस वडा नं. ३ पनि पर्दछ । यो क्षेत्र पहिलेको प्रमुख व्यापारिक केन्द्र थियो तर अहिले समयको गतिशीलता र व्यापारको शिलशिलामा बजारको खोजीमा मानिसहरू अन्यत्र सरेकोले यस क्षेत्रमा पहिलेको जस्तो चहलपहल कमै देखिन्छ । यस वडा नं. ३ मा १० वटा टोलहरू रहेका छन् जसमा विभिन्न जातजाति जस्तैः नेवार, वाहुन, गुरुङ, सार्की, कामी, कसाई, आदि बसोबास गर्दछन् । यस क्षेत्रमा जनजातिको वाहुल्यता पाइन्छ । यस क्षेत्रमा उपचारका लागि वैद्य खाना र मनोरञ्जनका लागि सिनेमा हल र स्वीमिङ पुल रहेको छ जुन आम मानिसमा नामी छ ।

यस वडाको क्षेत्रफल ६९.३५ हेक्टर रहेको छ । यस वडा नं. ३ को पूर्वमा वडा नं. ११ फुलबारी, पश्चिममा वडा नं. २ वाग्लुङ बसपार्क, उत्तरमा वडा नं. १ बगर र दक्षिणमा वडा नं. ४ गणेशटोल पर्दछ । क्षेत्रफलको हिसाबले यो क्षेत्र अरू वडाहरूको तुलनामा सानो भएपनि धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले धनी छ ।

### ४.१.१ हावापानी

यस वडा नं. ३ को हावापानी समशीतोष्ण खालको (न धेरै गर्मी न धेरै जाडो) छ । यहाँको तापक्रम गर्मीमा अधिकतम ३३$^{o}$ सेल्सियस र जाडोमा न्यूनतम ५.६$^{o}$ सेल्सियस रहने गरेको छ । यस वडामा ग्रीष्म ऋतुमा ३३५३.३ मि.मि. र हिउँदमा ३०६८ मि.मि. वर्षा हुने अनुमान गरिएको छ (नगर विकास योजनाको वार्षिक प्रतिवेदन, २०६९/०७०) ।

### ४.१.२ जनसङ्ख्या

कुनै पनि निश्चित क्षेत्रफल भित्र बसोबास गर्ने मानिसहरूको समूहलाई त्यस ठाउँको जनसङ्ख्या भनिन्छ । विभिन्न ठाउँबाट बसाइसराई गरी यस ठाउँमा मानिसहरू आएकाले यस ठाउँको जनघनत्व बढ्दै गइरहेको छ । २०६८ सालको जनगणना अनुसार पोखरा उपमहानगरपालिकाको जनसङ्ख्या २,५५,४६५ रहेको छ जसमा पुरुषको जनसङ्ख्या १,२६,२९८ र महिलाको जनसङ्ख्या १,२९,२२७ रहेको छ । पोखराको घरधुरी सङ्ख्या ६८,२३६ रहेको छ । पोखरा उपमहानगरपालिकाको वडा नं. ३ को जनसङ्ख्या यस प्रकार रहेको छ :

कुल जनसङ्ख्या = ९४६२

पुरुषको जनसङ्ख्या = ४९१९

महिलाको जनसङ्ख्या = ४५४३ (केन्द्रिय तथ्याङ्क विभाग, २०१२) ।

घरधुरी सङ्ख्या २७५० रहेको छ । पोखरा उपमहानगरपालिकामा नेवारहरूको कुल जनसङ्ख्या ४८०० रहेको छ भने घरधुरी सङ्ख्या ६०० रहेको छ ।

### ४.१.३ भौतिक पूर्वाधार

कुनै पनि क्षेत्रको विकास हुनको लागि त्यस क्षेत्रमा विकासको पूर्वाधार (यातायातको साधनको उपलब्धता, सडक सञ्जाल, विजुली, स्वास्थ्य केन्द्र, शैक्षिक संस्था) आदिको पहुँच कत्तिको छ भन्ने कुराले ठूलो भूमिका खेल्दछ । जुन क्षेत्रमा यी सबै विकासका पूर्वाधारको पर्याप्त मात्रामा पहुँच भएको क्षेत्रलाई सम्पन्न र विकसित भएको मानिन्छ । यस वडा नं. ३ मा यी सबै भौतिक पूर्वाधारहरूको पर्याप्त मात्रामा पहुँच पुगेको देख्न सकिन्छ । यस वडामा

यातायातको साधनको उपलब्धता सजिलो छ, सडक कालोपत्रे छ भने सडक सञ्जालले विभिन्न टोलहरूलाई जोडेको छ । कोही बिरामी भई हालमा वैद्यखाना र मेडिकल रहेका छन् । उपचारका लागि भने नजिकै हस्पिटल रहेको छ । यो क्षेत्रको वासिन्दाले बिजुली, खानेपानी तथा सञ्चारको सुविधाको भरपुर उपभोग गरेको देखिन्छ । मनोरञ्जनका लागि सिनेमा घर र स्वीमिङ पुल रहेका छन् भने विभिन्न स्कुल  तथा क्याम्पसहरूले यहाँका वालवालिकालाई शिक्षित बनाइ साक्षरता दर बढाइरहेका छन् ।

### ४.१.४ **चाडपर्व**

यस वडा नं. ३ मा हिन्दु धर्म तथा बैद्ध धर्म मान्ने मानिसहरूको वाहुल्यता रहेको छ । दुवै धर्मावलम्वीहरूले एक अर्काको धर्मलाई श्रद्धा र सम्मानपूर्वक हेर्छन्, यहाँ धर्मको नाममा कहिल्यै पनि भै-भगडा भएको छैन त्यसैले यहाँ धार्मिक सहिष्णुता रहेको छ भन्न सकिन्छ । यस वडाका वासिन्दाहरूले मनाउने चाडपर्वहरूमा दशै, तिहार, तिज, जनैपूर्णिमा, गाईजात्रा, माघे संक्रान्ति, होली, बुद्ध जयन्ति आदि रहेका छन् । यहाँ गाईजात्रे महोत्सव तथा फुड फेस्टिवल पनि हुने गरेको छ ।

## ४.२ उत्तरदाताको आम्दानीको स्रोत

यस वडा नं. ३ मा रहेका मानिसहरूको मुख्य पेशा भनेको व्यापार नै हो । व्यापार गरेर नै यिनीहरूले आफ्नो जीविकोपार्जन गर्दै आएका छन् । तर अहिले आएर समयको गतिशीलता सँगै उनीहरू व्यापार वाहेक कुनै सङ्घ संस्थामा नोकरी गर्दछन् भने कोही वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका छन् । यस क्षेत्रमा कतिपयले उद्योग पनि सञ्चालन गरेका छन् ।

## ४.३ उत्तरदाताको धार्मिक अवस्था

प्राचिन समयमा समाजलाई एकता, नियम र अनुशासनको दायरामा बाध्ने एक मात्र हतियार धर्म थियो । भगवान् प्रतिका आस्था र विश्वास नै धर्म हो । कानुनको विकास हुनु पूर्व समाजलाई अनुशासनको घेरामा बाधेर राख्ने काम धर्मले नै गरेको थियो । धर्मलाई मानिसले अलौकिक शक्तिको रूपमा विश्वास गरेको पाइन्छ । धर्म एक सामाजिक संस्था हो

जसले संस्कृति, रीतिरिवाज र क्रियाकलापलाई निर्देशित र नियन्त्रण गरेको हुन्छ । यस क्षेत्रमा विशेषगरी हिन्दु धर्म र बौद्ध धर्म मान्ने मानिसहरूको बसोबास पाइन्छ भने कसै-कसैले हिन्दु र बौद्ध धर्म मान्ने गरेको पाइएको छ। यस अध्ययन क्षेत्रको धार्मिक अवस्थालाई तलको तालिकाबाट देखाइएको छ।

**तालिका ४.१: उत्तरदाताको धार्मिक विवरण**

| धर्म | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५१ | ५६.०७ |
| बौद्ध | ३० | ३३.०३ |
| हिन्दु र बौद्ध | ९ | १०.०० |
| **जम्मा** | ९० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कुल ९० जना उत्तरदाताहरू मध्ये हिन्दु धर्म मान्ने मानिसहरूको सङ्ख्या ५१ जना (५६.७%) बौद्ध धर्म मान्ने मानिसहरूको सङ्ख्या ३० जना (३३.०३%) र हिन्दु र बौद्ध (दुवै) मान्ने मानिसहरूको सङ्ख्या १९ जना (१०%) रहेको छ।

## ४.४ उत्तरदाताको लैङ्गिक संरचना

यस वडा नं. ३ मा रहेको गुठीमा आवद्ध सदस्यहरू मध्ये महिलाहरूको तुलनामा सहभागिता बढी हुने गरेको देखिएका छ भने महिलाहरूको सहभागिता नगन्य मात्रामा देखिएको छ। अध्ययन क्षेत्रको लैङ्गिक संरचनालाई तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका ४.२: उत्तरदाताको लैङ्गिक संरचना**

| लिङ्ग | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ८२ | ९१.१ |
| महिला | ८ | ८.९ |
| **जम्मा** | ९० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कुल उत्तरदाताहरू मध्ये गुठीमा आवद्ध पुरुषहरूको सङ्ख्या ८२ अर्थात् ९१.१ प्रतिशत रहेको छ भने महिलाको सङ्ख्या ८ जना अर्थात् ८.९ प्रतिशत रहेको छ । यस तालिकाले के देखाउँछ भने गुठीमा महिलाहरूलाई भन्दा पुरुषहरूलाई बढी प्रोत्साहन दिइएको छ त्यसैले उनीहरूकै हालीमुहाली बढी भएको देखिएको छ ।

## ४.५ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षा राष्ट्र निर्माण र सवल समाज निर्माणको मेरुदण्ड हो । शिक्षित मानिसले नै स्वच्छ समाजको निर्माण गर्दछ । त्यसैले मानव विकासको लागि शिक्षा नभई नहुने महत्त्वपूर्ण आधार हो । मानिसको चौतर्फी विकास गर्न तथा उसलाई आत्मनिर्भर, स्वावलम्वी बनाउन शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाले गर्दा नै मानिसमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भने समाज र देश समृद्ध बन्छ । शिक्षाले मनिसलाई गलत र सही छुट्याउन सिकाउँछ । यस वडा नं. ३ को गुठीमा आवद्ध सदस्यहरूको शैक्षिक स्तरलाई विभिन्न तहमा भाग लगाई यहाँ अध्ययन गरिएको छ । शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । यसलाई वृत्तचित्रमा पनि देखाइएको छ ।

**तालिका ४.३: उत्तरदाताको शैक्षिक विवरण**

| शैक्षिक स्तर/योग्यता | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ५ | ५.६ |
| साक्षर | ११ | १२.२ |
| प्रा.वि तह | १६ | १७.८ |
| नि.मा.वि.तह | १४ | १५.५ |
| मा.वि.तह | १९ | २१.१ |
| उ.मा.वि.तह | १४ | १५.६ |
| स्नातक तह | ११ | १२.२ |
| जम्मा | ९० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

कुल उत्तरदाता मध्ये ५ जना अर्थात् ५.६ प्रतिशत मानिसहरू निरक्षर, ११ जना अर्थात् १२.२ प्रतिशत मानिसहरू साक्षर, १६ जना अर्थात् १७.८ प्रतिशत प्रा.वि. तह, १४ जना अर्थात् १५.५ प्रतिशत नि.मा.वि., १९ जना अर्थात् २१.१ प्रतिशत मा.वि. तह, १४ जना अर्थात् १५.६ प्रतिशत उ.मा.वि.तह र अन्य ११ जना स्नातक तह सम्म पढेको पाइयो । यसबाट के देखिन्छ भने सवभन्दा बढी सङ्ख्या मा.वि. तह सम्म पढेको मानिसहरूको पाइयो भने सबभन्दा कम सङ्ख्या निरक्षर मानिसहरूको पाइयो ।

## ४.६ उत्तरदाताको उमेरगत विवरण

कुनै पनि क्षेत्रको अध्ययन गर्दा त्यस क्षेत्रको मानिसहरूको उमेरले महत्त्वपूर्ण अर्थ राख्दछ । उमेर समूहले गर्दा विभिन्न विविधता ल्याउँछ त्यसैले यो महत्त्वपूर्ण सामाजिक तत्व हो । उमेर अनुसार नै मानिसको सामाजिक हैसियत कायम हुन्छ । मानिसहरूको कामको प्रकार, काम गर्ने समय र निर्णय प्रक्रियाका साथसाथै सामाजिक विकास, आर्थिक क्रियाकलाप जस्तो क्षेत्रमा उमेरले प्रभाव पारेको हुन्छ । अध्ययनको सिमाभित्र रहेर उमेरका आधारमा उत्तरदाताहरूलाई विभिन्न उमेर समुहमा वर्गीकरण गरी हेरिएको छ जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.४: उत्तरदाताको उमेरगत विवरण

| उमेर समूह | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५-२५ | १२ | १३.३ |
| २६-४० | ४४ | ४८.९ |
| ४१-६० | २८ | ३१.१ |
| ६१ देखि माथि | ६ | ६.७ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कुल उत्तरदाताहरू मध्ये १२ जना अर्थात् १३.३ प्रतिशत, २६ देखि ४० वर्ष उमेरका ४४ जना अर्थात् ४८.९ प्रतिशत, ४१ देखि ६० वर्ष उमेरका २८ जना अर्थात्

३१.१ प्रतिशत र ६१ देखि माथिका ६ जना अर्थात् ६.७ प्रतिशत रहेका छन् । यस तालिका अनुसार सबै सबैभन्दा बढी २६-४० उमेर समूहका मानिसहरू भएको पाइयो ।

## ४.७ उत्तरदाताको पारिवारिक संरचना

विभिन्न सामाजिक संस्थाहरूमध्ये परिवार पनि एक हो । परिवार समाज निर्माणको महत्त्वपूर्ण आधार हो । हाम्रो देश नेपालमा विशेषगरी संयुक्त र एकल परिवार बढि मात्रामा पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि संयुक्त र एकल परिवार विद्यमान छन् । परिवारको आकारले त्यस परिवारको आर्थिक पक्षलाई प्रभाव पार्दछ । अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरूको पारिवारिक संरचनालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.५: उत्तरदाताको पारिवारिक स्वरूप**

| परिवारको किसिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | ३७ | ४१.१ |
| एकल | ५३ | ५८.९ |
| **जम्मा** | ९० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

यस तालिकाले के देखाएको छ भने एकात्मक परिवारको सङ्ख्या ५३ अर्थात् ५८.९ प्रतिशत र संयुक्त परिवारको सङ्ख्या ३७ अर्थात ४१.१ प्रतिशत रहेको छ । नेवार समुदायमा संयुक्त परिवारको सङ्ख्या बढी हुने गर्दथ्यो । अहिले आएर नेवार समुदायमा पनि एकल परिवारमा बस्ने चाहना रहेको यस अध्ययनले देखाएको छ ।

एकल परिवारमा बस्नुको कारण विश्व व्यापीकरणको प्रभाव, स्वतन्त्र हुने चाहना, जनचेतनामा वृद्धि आर्थिक स्तरले पार्ने प्रभाव आदि रहेका छन् ।

## ४.८ उत्तरदाताको पेशागत विवरण

नेवार समुदाय भन्ने वित्तिकै व्यापार नै प्रमुख पेशा हो भन्ने बुझिन्छ तर समय परिवर्तनशील भए जस्तै उनीहरूले पनि व्यापारका अलावा अरू नै पेशा अपनाएको पाइयो ।

त्यसैले अध्ययन क्षेत्रका उत्तरदाताहरूले अपनाएको पेशा के रहेछ त भनी यहाँ हेर्न खोजिएको छ । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६: उत्तरदाताको पेशागत विवरण**

| पेशा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | ५७ | ६३.३ |
| उद्योग | ४ | ४.४ |
| नोकरी | २३ | २५.६ |
| वैदेशिक रोजगार | ६ | ६.७ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कुल उत्तरदाताहरू मध्ये ५७ जना (६३.३%) व्यापार, नोकरीमा २३ जना (२५.६%), वैदेशिक रोजगारमा ६ जना (६.७%) र उद्योग सञ्चालन ४ जना (४.४%) रहेको छ । यसबाट के बुझिन्छ भने परम्परागत रुपमा रहेको व्यापारमा सबैभन्दा बढी मानिस लागेका रहेछन् भने उद्योग सञ्चालन निकै कमले गरेका रहेछन् ।

# अध्याय पाँच

# नेवार समुदयमा गुठीले पारेको प्रभाव

## ५.१ पोखरा उपमहानगरपालिका वडा नं. ३ मा सञ्चालित गुठी

पोखरा उपमहानगरपालिकाको वडा नं.३ मा नेवारहरूको वाहुल्यता रहेको छ । यस वडा नं. ३ का तीनवटा गुठी सञ्चालनमा रहेका छन् । यहाँ रहेका गुठी मध्ये "रमा भगवती सिं गुठी" सबैभन्दा पुरानो हो जसमा २७ जना सदस्य रहेका छन् । त्यसैगरी भगवती सिं गुठीमा २८ जना तथा सूर्य विनायक सिं गुठीमा ३५ जना सदस्य रहेका छन् ।

यस क्षेत्रको अध्ययनबाट प्राप्त जानकारी अनुसार गुठीमा ९० घर परिवार आवद्ध भएको पाइन्छ । गुठियारका अनुसार गुठीले मर्दापर्दा सहयोग गर्ने तथा आर्थिक सहयोग पनि गर्ने हुनाले गुठी विनाको जीवन कल्पना नै गर्न नसकिने कुरा बताउँछन् । गुठीको सदस्य बन्नका लागि प्रत्येक गुठीयारले गुठीले तोकेको रकम तिर्नुपर्दछ । गुठीले आफ्ना गुठियारहरूलाई ऋण उपलब्ध पनि गराउने गर्दछ । खासगरी जसलाई पैपाको आवश्यकता परेको हुन्छ उसैले गुठीबाट ऋण लिने गरेको कुरा गुठियारहरू बताउँछन् । गुठीबाट लिएको ऋण तिर्न तथा नयाँ ऋण लिनको लागि गुठियारहरू प्रत्येक वर्षको मंसिर महिनाको विवाह पञ्चमीका दिन वार्षिक मेलामा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने पनि गुठियारहरू बताउँछन् ।

## ५.२ गुठीले पारेको प्रभाव

नेवार समुदायमा विद्यमान रहेको गुठी एक सामाजिक सङ्गठन हो । आजको यस्तो व्यस्त र आधुनिक समयमा पनि नेवारहरू परम्परागत सामाजिक संस्था "गुठी" मा सदस्यता लिनको लागि आतुर देखिन्छन् । गुठीले नेवारी जनजीवनको विभिन्न पक्षहरू जस्तै सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमा प्रभाव पारेको छ । गुठीमा आवद्ध भइसकेपछि सामाजिक सुरक्षाको प्रत्याभूति गरेको, जनसम्पर्क बढेको भन्नेहरू पनि छन् भने गुठीले आर्थिक सहयोग उपलब्ध गराई आफ्नो व्यापार व्यवसाय, घरायसी प्रयोजनमा सजिलो भएको छ भन्नेहरू पनि छन् । त्यस्तैगरी गुठीले विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना

गरी लोपोन्मुख माघेजात्रा, बाघजात्रा जस्ता नेवारी नाचहरूलाई संरक्षण गर्नुका साथै यसका प्रचार प्रसारका लागि पनि महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने मानिसहरू पनि छन् । गुठीमा आवद्ध भइसकेपछि गुठीले उनीहरूमा पारेको सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभावलाई उत्तरदाताबाट प्राप्त जानकारीको आधारमा तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ५.१: उत्तरदाताहरूमा गुठीले पारेको प्रभाव**

| प्रभावका पक्षहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक | १६ | १७.७७ |
| आर्थिक | ६२ | ६८.९० |
| सांस्कृतिक | १२ | १३.३३ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

माथिको तालिका अनुसार कुल उत्तरदाताहरू मध्ये ६२ जना अर्थात् ६८.९० प्रतिशत उत्तरदाताहरूमा गुठीको आर्थिक प्रभाव रहेको पाइयो । त्यसैगरी १६ जना अर्थात् १७.७७ प्रतिशत मानिसहरू सामाजिक रूपमा लाभान्वित भएको पाइयो भने सांस्कृतिक प्रभाव पारेको छ भन्नेमा १२ जना अर्थात् १९.३३ प्रतिशत पाइयो । यसबाट के बुझ्नमा आयो भने सवभन्दा बढी गुठीबाट आर्थिक पक्षमा प्रभाव परेको पाइयो । गुठीबाट सहुलियत दरमा ऋण उपलब्ध हुने हुँदा गुठीयारहरूले आर्थिक उन्नति र रूपान्तरण गर्न सकिने हुनाले गुठीले आर्थिक प्रभाव पारेको छ भन्नेको सङ्ख्या अधिक पाइयो ।

### ५.२.१ गुठीले पारेको सामाजिक प्रभाव

नेवार समुदायमा प्रचलित गुठी एक सामाजिक संस्था हो । जसले गुठीयारहरूलाई सामाजिक उत्तरदायित्व वहन गर्न सिकाउँछ । यसले गुठीयारहरूलाई समाजमा कसरी घुलमिल हुने भन्ने कुरा सिकाउछ । यसले गुठीयारहरूलाई समाजमा सहयोग, सहकार्य र सद्भावको वातावरण सृजना गर्न मद्दत गर्दछ । अध्ययनको क्रममा उत्तरदातालाई गुठीले पार्ने

सामाजिक प्रभाव भित्र पनि कुन कुन पक्षमा प्रभाव पार्दछ भनी सोधिएको प्रश्नमा आएको जवाफलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२: सामाजिक पक्षमा पारेको प्रभाव**

| सामजिक पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विवाह | १८ | २०.०० |
| मृत्यु संस्कार | ५२ | ५७.७८ |
| सामाजिकीकरण प्रक्रिया | २० | २२.२२ |
| **जम्मा** | ९० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कुल उत्तरदाताहरू मध्ये ५२ जना अर्थात् ५७.७८ प्रतिशत उत्तरदाताहरूले सामाजिक पक्षभित्र पनि मृत्यु संस्कारमा गुठीले महत्त्वपूर्ण भूमिका खेलेको बताए भने सामाजिकीकरण प्रक्रियामा भूमिका खेलेको छ भन्ने हरूमा २० जना अर्थात् २२.२२ प्रतिशत रहेको पाइयो । त्यसैगरी विवाह संस्कारमा गुठीले सहयोग गरेको छ भन्नेहरूमा १८ जना अर्थात् २० प्रतिशत रहेको पाइयो । गुठियारहरूको परिवारभित्र कसैको विवाह भएमा गुठीका सम्पूर्ण सदस्य जम्मा भई विवाह सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइयो । त्यसैगरी गुठीका सदस्यहरूको बालबच्चालाई समाज प्रति उत्तरदायी बनाउन र गुठियारहरूको बीचमा सद्भाव र सहकार्यको वातावरण सृजना गर्ने कार्यमा प्रेरणादायी भूमिका खेलेको पाइयो । गुठीले गुठियारहरू मध्ये कसैको मृत्यु भएमा मृतकको घरमा गई दाहसंस्कार गर्ने कार्यमा सहयोग गर्ने गरेको पाइयो ।

### ५.२.२ गुठीले पारेको आर्थिक प्रभाव

अध्ययन क्षेत्रमा सञ्चालित गुठीले आर्थिक कोषको स्थापना गरेर विभिन्न आर्थिक क्रियाकलापहरूलाई सक्रिय बनाउँदै लगेको पाइन्छ । सबै गुठियार भाइहरूलाई समान आर्थिक अवसर प्रदान गरी आर्थिक गतिविधिलाई सक्रिय बनाउन गुठीले सहयोग पुऱ्याएको छ । कोषमा सङ्कलित रकम ऋण स्वरूप सदस्यहरूलाई दिने हुनाले विशेषत गरीब तथा आर्थिक स्तर कमजोर भएका सदस्यहरू बढी लाभान्वित भएको देखिएको छ । अलिकति

कमजोर आर्थिक अवस्था भएका गुठियार भाइहरूका लागि आवश्यकता पूर्ति गर्ने तथा कुन नयाँ क्षेत्रमा पैसा लगानी गर्ने बालबालिकाको सृजना भएको देखिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूलाई आर्थिक पक्षभित्र पनि कुन कुन पक्षमा प्रभाव पारेको छ भनी प्रश्न गर्दा आएको जवाफलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.३: आर्थिक पक्षमा पारेको प्रभाव**

| आर्थिक पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जागिर | २८ | ३१.१२ |
| व्यापार | ६२ | ६८.८८ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

प्रस्तुत तालिका अनुसार कुल उत्तरदाताहरू मध्ये ६२ जना अर्थात् ६८.८८ प्रतिशत उत्तरदाताहरूले गुठीले व्यापारमा सहयोग गरेको बताए भने २८ जना अर्थात् ३१.१२ प्रतिशत उत्तरदाताहरूले गुठीले जागिर खानमा सहयोग गरेको बताए । गुठीबाट उपलब्ध हुने ऋणले गुठीयारहरूले आफ्नो व्यापार व्यवसायलाई उकासेको र थप लगानी गर्नको लागि आवश्यक आर्थिक सहयोग पाएको कुरा उल्लेख गरे भने गुठियारका छोराछोरीको शैक्षिक योग्यता र सीपको आधारमा जागिरको लागि सिफारिस गरिदिने गरेको पाइयो । गुठीबाट आर्थिक व्यापार व्यवसाय सञ्चालनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने हुनाले प्रायजसो गुठियारहरूले व्यापार व्यवसायमा नै लगानी गरेको पाइएको छ । यसरी आर्थिक पक्षभित्र मात्रै व्यापारमा सहयोग गरेको छ भन्ने उत्तरदाताको सङ्ख्या अधिक पाइयो ।

### ५.२.३ गुठीले पारेको सांस्कृतिक प्रभाव

संस्कृतिमा धनी जानि नेवारहरूले आफ्नो समुदायमा अन्य जातजातिको भन्दा भिन्नै खाले सांस्कृतिक कार्यहरू गर्ने गर्दछन् । यसको कारण संस्कतिलाई लोप हुन नदिई निरन्तरता दिनु रहेको छ । गुठीले नेवारहरूको संस्कार, रीतिरिवाज र संस्कतिलाई जोगाउन अहम् भूमिका खेलेको पाइन्छ । यसले गुठीको उद्देश्य अनुरूप विभिन्न धार्मिक, सामाजिक र

सांस्कृतिक कार्यहरूमा निरन्तरता दिन ठूलो सहयोग पुऱ्याएको छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूलाई सांस्कृतिक पक्ष भित्र पनि कुन कुन पक्षमा प्रभाव पारेको छ भनी प्रश्न गर्दा आएको उत्तरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४: सांस्कृतिक पक्षमा पारेको प्रभाव**

| सांस्कतिक पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| धार्मिक क्रियाकलाप | ५४ | ६०.०० |
| चाडपर्व | १२ | १३.३३ |
| जात्रा तथा महोत्सव आयोजना | २४ | २६.६७ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिकामा देखाइए अनुसार कुल उत्तरदाताहरू मध्ये ५४ जना अर्थात् ६० प्रतिशत उत्तरदाताले गुठीले धार्मिक क्रियाकलापहरू सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताए भने २४ जना अर्थात् २६.६७ प्रतिशत उत्तरदाताहरूले गुठीले जात्रा तथा महोत्सव आयोजना गर्न भूमिका खेलेको बताए । त्यसैगरी चाडपर्व मनाउनमा गुठीले सहयोग गर्दछ भन्नेहरूमा १२ जना अर्थात् १३.३३ प्रतिशत रहेको पाइयो । गुठी भनेको लोक कल्याणकारी भावनाले प्रेरित भई सञ्चालनमा आएको संस्था हो त्यसैले धर्मको आडमा नराम्रो काम गर्नबाट मानिसहरूलाई रोक्नको लागि गुठीले धार्मिक क्रियाकलाप जस्तै पूजाआजा, मठमन्दिरको मर्मत सम्भार गर्दै आएको जनाइएको छ । त्यसैगरी विभिन्न चाडपर्वहरू जस्तै वाधजात्रा, माघेजात्रा तथा लोपोन्मुख संस्कृतिको जगेर्ना गर्न समेत गुठीले सहयोग गरेको छ भने आफ्नो संस्कृतिको प्रचार प्रसार गर्न तथा नेवारी भाषाको संरक्षण गर्नको लागि विभिन्न जात्रा तथा महोत्सवहरू आयोजना गर्ने गरेको अध्ययनबाट थाहा हुन आएको छ ।

# अध्याय छ

# गुठी र परिवार बीचको सम्बन्ध

## ६.१ परिचय

प्रकृति र आवश्यकताले मानव जन्मदेखि मृत्युसम्म समाजमा बस्न प्रेरित हुन्छ । उसको जीवनका हरेक पक्षमा समाजको गहिरो प्रभाव हुन्छ । अरस्तुले भनेका छन् - “मानव एक सामाजिक प्राणी हो ।” उसले समाजबाट अलग रहेर आफ्ना शारीरिक, जैविक, आर्थिक तथा सामाजिक आवश्यकताहरू पूरा गर्न सक्दैनन् (अधिकारी र घिमिरे, २०६०) । मानव इच्छाहरू असिमित हुन्छन् त्यस्ता इच्छाको पूर्ति आफैबाट मात्र गर्न सम्भव छैन । त्यसैले उसले आफ्ना असङ्ख्या आवश्यकताहरू पूर्तिको लागि अनेकौं व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्नुपर्ने भयो । फलस्वरूप एकातिर मानवबीच आवश्यकताहरू पूर्ति हुँदै जाने र अर्कातिर उनीहरूको व्यवहार र कार्यहरूमा पनि नियन्त्रण हुने भयो । यसरी उनीहरू एक निश्चित नियममा बाँधिन थाले जसलाई हामी “सामाजिक नियम” भन्ने गर्दछौं । यस्ता नियमहरूले मानवलाइ इच्छा पूर्तिका लागि स्वतन्त्र बनाइदियो । मानव व्यवहारमा नियन्त्रणको घेरो पनि लगाइदियो । त्यही घेराभित्र रहेर व्यवहार गर्नु नै सामाजिक हो र त्यस घेराको उल्लङ्घन गर्नु नै असामाजिक हो । यहाँ घेराभित्र मानवको जुन समूह बन्दछ त्यही समूहलाई नै समाज भनिन्छ । जवसम्म कोही व्यक्तिहरूबीच आपसी क्रिया र अन्तरक्रिया नभएसम्म त्यसलाई समाज भन्न सकिदैन यद्यपी त्यो पनि एक मानव समूह नै हो । त्यसैले मानव समूहमा एक अर्काबीच हुने सम्बन्धको जालोलाई नै समाज भनिन्छ ।

नेवार समुदायमा पनि मानिसहरूलाई एकतामा बाँध्ने एउटा संस्था विद्यमान छ जसलाई “गुठी” को नामबाट चिनिन्छ । गुठी एक परम्परागत संस्था हो जसले नेवार समुदायमा उनीहरूको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक पक्षहरूमा सकारात्मक भूमिका खेल्ने गर्दछ । यसले नेवार समुदायमा एक सहयोगी संस्थाको रूपमा आफूलाई उभ्याएको छ । विभिन्न पक्षहरूमा गुठीले खेलेको भूमिकालाई यस अध्यायमा व्याख्या गर्न खोजिएको छ जसलाई तल उल्लेख गरिएको छ ।

## ६.२ गुठी र परिवार बीचको सामाजिक सम्बन्ध

गुठीले नेवार समुदायका मानिसहरू बीचमा सकारात्मक र सहकार्यात्मक सम्बन्ध कायम गर्न सहयोग पुगेको छ । यसले सम्पूर्ण गुठियारहरूलाई गोलबन्द गराउने र प्रकारात्मक सम्बन्ध कायम गर्न अग्रसर गराउने हुनाले सहकार्यको लागि सबैलाई अग्रसर गराएको हो । मर्दापर्दा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने र सहयोग गर्नुपर्ने तथा गुठी भेलामा उपस्थित हुनुपर्ने प्रावधान र अवस्थाले उनीहरू बीचमा सहकार्य गर्नुपर्दछ भन्ने भावनाको विकास भएको पाइन्छ । समूहमा बसेर काम गर्दा सफल भइनछ भन्नेमा विश्वास गर्दछन् र सहकार्य गर्न मुख्य दायित्व ठान्दछन् । उनीहरू एकले अर्कालाई सघाउनुपर्दछ भन्ने भावनाबाट प्रेरित भएको पाइन्छ । त्यस्तै विवाह, व्रतवन्ध र अन्य कार्यहरूमा पनि सहज रूपमा उपस्थित भई काम गर्ने हुनाले सहकार्यको अवस्था झन् बलियो भएको कुरा प्रमाणित भएको छ । गुठीमा सहकार्यात्मक सम्बन्धको अवस्थालाई जनाउन तलको तालिकाले पनि प्रष्ट गर्न सहयोग पुऱ्याउँछ ।

**तालिका ६.१ : गुठियार बीचको सहकार्यात्मक भावना**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| समानता छ | ६३ | ७० |
| समानता छैन | २४ | २६.७ |
| थाहा छैन | ३ | ३३ |
| **जम्मा** | ९० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कूल ९० जना उत्तरदाताहरूमध्ये समानता छ भन्नेमा ६३ जना अर्थात् ७० प्रतिशत, समानता छैन भन्नेमा २४ जना अर्थात् २६.७ प्रतिशत र थाहा छैन भन्नेमा ३ जना अर्थात् ३.३ प्रतिशत रहेको छ । यस तालिकाले के देखाउँछ भने सहकार्यात्मक कार्यका लागि गुठियार भाईहरूबीच समानताको पक्षमा धेरै मानिसहरूको साथ रहेको बुझिन्छ ।

भविष्यलाई सोचेर सहकार्य, सद्भावबाट नै अगाडि बढ्नुपर्दछ भन्ने मान्यतालाई यसले स्वीकार गरेको भान हुन्छ भने “एकता नै वल हो” भन्ने विचारलाई आत्मसात् गरेको पाइन्छ ।

### ६.२.१ परिवारको सामाजिकीकरण प्रक्रियामा गुठीको भूमिका

नेवार समुदायको पहिचान भनेको गुठी संस्था हो । "नेवार" र "गुठी" आजको दिनमा पर्याय जस्तै बनेको छ । कुनै पनि नेवार समुदायका मानिस त्यस ठाउँमा रहेको गुठीमा आवद्ध हुन लालयित भएका हुन्छन् । गुठी एक सामजिक संस्था भएकोले यसले परिवारको सदस्यको सामाजिकीकरण प्रक्रियामा पनि सकरात्मक भूमिका खेल्ने गर्दछ । गुठीले मानिसलाई सामाजिक उत्तरदायित्व वहन गर्नका साथै उसलाई सामाजिक वन्न प्रेरित गर्ने कम गर्दछ । ठूलावडाको आदर-सम्मान गर्ने, दीन दुःखीलाई सहयोग गर्ने, सहकार्य र मेलमिलाप गर्न प्रेरित गर्ने, मानिस मर्दापर्दा सहयोग गर्नु, दाहसंस्कार कार्यमा प्रत्यक्ष रूपमा सहभागी हुनु, मृतकका घरमा गई सरसहयोग उपलब्ध गराउनु यी सबै सामाजिकीकरण प्रक्रियाको कारणले गर्दा हुने भएको हो । कुनै पनि मानिस कत्तिको सभ्य र शिष्ट छ भन्ने कुरा उसको सामाजिकीकरण कस्तो वातावरणमा भएको छ भन्ने कुराले ठूलो महत्त्व राख्दछ ।

**तालिका ६.२ :गुठीले परिवारको सामाजिकीकरणमा खेलेको भूमिका**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सहयोगी भूमिका | ६६ | ७३.३ |
| सामान्य भूमिका | २४ | २६.७ |
| **जम्मा** | **९०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१, ।*

तालिका अनुसार कूल ९० उत्तरदाताहरूमध्ये परिवारको सामाजिकीकरण प्रक्रियामा गुठीले खेलेको भूमिकालाई सहयोगी छ भन्नेमा ६६ जना अर्थात् ७३.३ प्रतिशत र सामान्य भूमिका छ त्यस्तो महत्वपूर्ण भूमिका छैन भन्नेमा २४ जना अर्थात् २६.७ प्रतिशत रहेको छ । यसबाट के बुझिन्छ भने गुठीलाई सामाजिकीकरण प्रक्रियामा एक महत्त्वपूर्ण कारक मान्ने मानिसहरू धेरै रहेको र यसको भूमिकाबाट प्रेरित भई सामाजिक बन्नेहरूको सङ्ख्या धेरै रहेको देखिएको छ । यसबाट के बुझिनछ भने सामाजिकीकरण प्रक्रियाले मानिसहरूलाई सामाजिक बन्न प्रेरित गर्ने एउटा महत्त्वपूर्ण माध्यम हो ।

## ६.३ गुठी र परिवार बीचको आर्थिक सम्बन्ध

### ६.३.१ गुठीले परिवारको आर्थिक स्तर उकास्न खेलेको भूमिका

कुनै पनि कार्य सञ्चालन गर्नको लागि कुनै पनि व्यक्ति अथवा संस्थाको पैसाको आवश्यकता पर्दछ । आर्थिक रूपमा सवल भएमा मात्र आर्थिक गतिविधिहरू सञ्चालन गर्न सकिन्छ । अर्थतन्त्र बलियो भएमा मात्र त्यसले सबै कुराको निर्धारण गर्न सक्दछ । तसर्थ यस क्षेत्रमा सञ्चालित गुठीले पनि अर्थ सङ्कलन गर्ने आर्थिक कोषको व्यवस्था गरेको छ । आफ्ना गुठियार भाइहरूको आर्थिक स्तरमा सुधार ल्याई उनीहरूलाई आर्थिक गतिविधिमा सक्रिय बनाउने उद्देश्यले आर्थिक कोषको व्यवस्था गरेको छ । आफ्ना गुठियार सदस्यहरूबाट नै रकम सङ्कलन गरी आर्थिक कोष खडा गरिएको छ । आर्थिक कोषको संरक्षण र परिचालन गुठीले नै गर्दछ । यसले कोषबाट सदस्यहरूलाई ऋण उपलब्ध गराउने गरिन्छ भने कहिलेकाही वनभोज कार्यक्रम आयोजना गर्दाखेरी गुठीले केही रकम सहयोग स्वरूप उपलब्ध गराउने गरेको छ । आर्थिक स्थिति कमजोर भएका परिवारलाई दिइएको ऋण उनीहरूको अवस्था हेरी व्याज मिनाहा गर्ने र कहिलेकाही ऋण समेत मिनाहा गर्ने गरेको पाइएको छ । गुठी समितिमा रहेको आर्थिक कोषबाट गुठियारहरूलाई गुठी पूजाको दिन भेला गराई खुल्ला रूपमा मात्र गरेको आधारमा ऋण उपलब्ध गराउने गरिएको पाइएको छ । ऋण स्वरूप लिइएको उक्त रकम एक वर्षसम्म प्रयोग गर्न सकिनेछ र एक वर्षपछि गुठी समितिले तोकेको निश्चित व्याज सहित फिर्ता गर्नुपर्ने हुन्छ । यस किसिमको आर्थिक सहयोगले गुठियारहरूको आर्थिक समस्या समाधान हुन गई विभिन्न क्षेत्रमा व्यक्तिगत लगानीको वातावरण पनि सृजना भएको छ । साथै २०७१/०८/११ गतेको रमा भगवती सिं गुठीको भेलाले कुनै पनि गुठीयार भाईको घरमा कसैको मृत्यु भएमा दाहसंस्कार कार्यमा लाग्नेजति पनि खर्च हुन्छ उक्त रकम गुठी समितिले नै व्यहोर्ने र उक्त रकम सम्बन्धित गुठीयारसँग फिर्ता नमाग्ने निर्णय गरेको छ । यसले गर्दा अलिकति भए पनि आर्थिक बोझ कम गर्न मद्दत गरेको छ । यस निर्णयको सबै गुठीयार भाइहरूले खुलेर प्रशंसा गरेको थाहा हुन आएको छ ।

तालिका ६.३ : परिवारको आर्थिक पक्षमा गुठीले खेलेको भूमिका

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गुठीको ऋणबाट फाइदा लिनेहरू | ६१ | ६७.७८ |
| ऋण चाहिदैन भन्नेहरू | २९ | ३२.२२ |
| **जम्मा** | ९० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिकाले के देखाएको छ भने कूल ९० जना उत्तरदाताहरूमध्ये ६१ जना अर्थात् ६७.७८ प्रतिशत मानिसहरू गुठीको आर्थिक सहयोग लिने पक्षमा छन् भने २९ जना अर्थात् ३२.२२ प्रतिशत मानिसहरू गुठीको आर्थिक सहयोग चाहिदैन भन्ने पक्षमा छन् । त्यसबाट के बुझिन्छ भने गुठीको आर्थिक सहयोग स्वीकार्ने मानिसहरू धेरै रहेका छन् । गुठीको आर्थिक सहयोग चाहिदैन भन्नेहरूको तर्क छुट्टै छ । उनीहरूका अनुसार गुठीबाट उपलब्ध ऋणको व्याजदर एकदम महँगो छ जसले गर्दा आर्थिक स्तर कमजोर हुने परिवारले उक्त ऋण तिर्न सक्दैनन् । जे भएपनि यस तालिकालाई आधार मान्दा व्याज महँगो भएपनि उनीहरूको आर्थिक आवश्यकता पूरा गर्न पाएका छन् । एक वर्षसम्म उक्त पैसालाई चलाउन पाएका छन् त्यसैले गुठीको आर्थिक भूमिकालाई प्रायः जसोले स्वीकारेका छन् ।

## ६.३.२ गुठीबाट उपलब्ध हुने ऋण लिनुको कारण

समाज गतिशील हुन्छ त्यही गतिशिलताको कारणले गर्दा नै त्यो सरलताबाट जटिलतातर्फ अग्रसर भइराखेको छ । समय सापेक्ष सामाजको हरेक पक्षमा फरकपना आउनु स्वभाविकै हो । संयुक्त परिवारबाट एकल परिवार हुनु, सस्तोबाट महँगो हुनु यो सबै समयको माग हो । मानिसको जीवनको हरेक पक्षमा यसले प्रभाव पारेको छ । त्यसैले आर्थिक पक्ष पनि अछुतो रहन सकेको छैन । नेवार समुदायको परम्परागत सामजिक सङ्गठन गुठीले वर्ष-वर्षमा आफ्ना गुठियारहरूलाई आर्थिक सहयोग गर्ने उद्देश्यले ऋण उपलब्ध गराउने गर्दछ । पैसाको आवश्यकता भएका गुठियारहरूले ऋण माग गर्ने गर्दछन् । गुठियारहरूले गुठियार लिने ऋण जुन कुनै क्षेत्रमा खर्च गर्छन् भनी तलको तालिकामा देखाउन सकिन्छ :

तालिका ६.४: गुठीबाट ऋण लिनुको उद्देश्य

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | ५३ | ५८.८९ |
| शिक्षा | १६ | १७.७८ |
| स्वास्थ्योपचार | ११ | १२.२२ |
| घरायसी प्रयोजन | १० | ११.११ |
| **जम्मा** | ९० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका अनुसार कुल ९० जना उत्तरदाताहरूमध्ये गुठीबाट लिएको ऋणलाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्नेमा ५३ जना अर्थात् ५८.८९ प्रतिशत, बालबच्चाको शैक्षिक विकासमा लगानी गर्नेमा १६ जना अर्थात् १७.७८ प्रतिशत, स्वास्थ्य नै धने हो र रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु बेश भनी स्वास्थ्योपचारमा केही रकम छुट्याउनेमा ११ जना अर्थात् १२.२२ प्रतिशत र घरको दैनिक खर्च टार्ने र घरको मर्मत सम्भारको लागि रकम छुट्याउनेमा १० जना अर्थात् ११.११ प्रतिशत रहेका छन् । यसबाट के बुझ्न सकिन्छ भने गुठीबाट ऋण लिएर व्यापारमा लगानी गर्नेमा सबैभन्दा धेरै रहेको छ किनभने व्यापार भनेको नेवारहरूको पुर्ख्यौली पेशा हो ।

## ६.४ गुठी र परिवार बीचको सांस्कृतिक सम्बन्ध

नेवार जाति संस्कृतिका धनी जाति हुन् । उनीहरूले आफ्नो समुदायमा अन्य समुदायको भन्दा छुट्टै खालको संस्कृति कार्यक्रम सम्पादन गर्दै आएको पाइन्छ । संस्कृतिलाई निरन्तरता नदिए लोप हुन सक्ने सम्भावना हुन्छ । त्यसैले नेवार समुदायमा सञ्चालित गुठीले उनीहरूको संस्कार, रीतिरिवाज र संस्कृतिलाई जोगाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसले गुठीको उद्देश्य अनुरूप विभिन्न धार्मिक, सामाजिक र सांस्कृतिक कार्यहरूमा निरन्तरता दिन ठूलो सहयोग पुऱ्याएको छ । हरेक वर्ष गुठी पूजाको दिन (मंसिर महिनाको विवाह पञ्चमीको दिन) भोजभतेरको आयोजना गरिन्छ । मन्दिर परिसरमा गुठियारहरू भेला हुन्छन् र छेपा र पासा पाले बनाएका विभिन्न परिकारहरू खाने परम्परा छ जसलाई आजको दिनमा पनि निरन्तरता दिइएको छ । विभिन्न चाडपर्व, यात्रा आदिमा

पनि गुठीले आफ्ना सदस्यहरूलाई क्रियाशील बनाई महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइएको छ । यसले नेवार समुदायको धार्मिक र सांस्कृतिक क्रियाकलापलाई र मृत्यु भएको बेलामा संस्कारगत कार्यलाई पनि व्यवस्थित बनाउन निकै ठूलो भूमिका खेलेको छ । नेवार समुदायमा प्रचलित गुठी संस्थाका कारण विभिन्न खालका नेवारी संस्कृतिको संरक्षण गर्न मद्दत पुगेको छ । गुठीले संस्कृतिसँग सम्बन्धित विभिन्न रीतिरिवाज तथा चालचलनहरूलाई निरन्तरता दिन पनि सहयोग गरेको छ । गुठियार भेला हुँदा विभिन्न किसिमका सांस्कृतिक क्रियाकलापहरू बारेमा छलफल गर्ने गरेको पाइएको छ जसले धर्म संस्कृतिको संरक्षण तथा निरन्तरताको बारेमा योगदान पुगेको छ भन्न सकिन्छ ।

## ६.५ गुठी र परिवार बीचको धार्मिक सम्बन्ध

धर्म भन्नाले अलौकिक शक्तिमा विश्वास गर्नु भन्ने बुझिन्छ । मानव आफ्नो दैनिक जीवनमा विभिन्न उद्देश्यको पूर्ति गर्न चाहन्छ । त्यसको लागि अनेकौं प्रयत्न गर्दछ, तर सबै प्रकारका इच्छा एवम् उद्देश्य पूर्तिका लागि मानवीय प्रयत्न प्रर्याप्त हुँदैन । यस्तो स्थितिमा मानव त्यस्तो शक्ति एवम् प्रणालीको सहायता लिन्छ जुन उसको शक्तिभन्दा उच्च छ । त्यस्तो शक्ति एवम् प्रणालीको सहायता लिन्छ जुन उसको शक्तिभन्दा उच्च छ । त्यस्तो शक्ति मानव समाज तथा प्रकृतिभन्दा धेरै टाढा वा परलौकिक छ । यस्तो अदृश्य तथा अज्ञात शक्ति उपासनाको लागि मानव प्राचिन समयदेखि नै प्रयत्नरत रहेको पाइन्छ । धर्मले मानिसलाई अनुशासनमा बस्न सिकाउँछ । उसले जीवनदर्शन र नैतिकताको पाठ पढाउँछ । मानिसले धर्मकै डरमा नराम्रो काम गर्नबाट पछाडि सर्दछ । यसरी लोक कल्याणकारी उद्देश्यले प्रेरित भई समन्वय र सद्भाव कायम गर्न समाजमा गुठीको जन्म भएको हो भन्न सकिन्छ । समाजमा देखिने समस्या, नीति नियम निर्माणमा धर्मशास्त्रको आवश्यकता पर्ने र रीतिस्थिति, संस्कृतिको जगेर्ना र निरन्तरताको लागि पनि गुठीको अनिार्यतालाई नकार्न सकिदैन । सार्वजनिक स्थलमा रहेका मठ मन्दिरको संरक्षण, भवन निर्माण, सहयोग र सहकार्य गरीइ एकता कायम गर्नु, वार्षिक भेला गरी गुठी पूजा गर्नु र विभिन्न संस्कृतिको जगेर्ना गर्नु गुठीको धार्मिक पक्षको महत्त्वपूर्ण कार्य रहेको छ । गुठी पूजा गर्नु र विभिन्न संस्कृतिको जगेर्ना गर्नु गुठीको धार्मिक पक्षको महत्त्वपूर्ण कार्य रहेको छ ।

## ६.६ बद्लिदो परिवेशमा गुठी र परिवार बीचको सम्बन्ध

समय परिवर्तनशील छ । यो अस्थिर हुन्छ । समयको साथसाथै समाज पनि परिवर्तन भइरहेको छ । सिकारी सङ्कलित युगदेखि शुरू भएको समाजको विकासक्रम अहिलेको आधुनिक युगसम्म आइपुग्दा समाजमा विभिन्न परिवर्तनहरू देखा परेका छन् । घुमन्ते फिरन्ते जीवनदेखि लिएर हालको स्थायी बसोबासको जीवनसम्म आइपुग्दा मानिसले पनि विभिन्न आरोह अवरोहहरू पार गरेका छन् । परिवर्तन एक सार्वभौमिक प्रक्रिया हो । सरलताबाट जटिलतातर्फ जान समाजको विशेषता नै हो । समाज जति-जति विकासको चरम विन्दुमा पुग्दछ त्यति नै जटिल भन्दै गइरहेको छ । विश्वव्यापीकरण प्रक्रियाले गर्दा सारा संसारलाई नै एउटै ढिक्का मान्न थालिएको अवस्था छ । आधुनिकीकरण विभाजन भएको मौलिक संस्कृतिलाई बिर्सेर पाश्चात्य संस्कृतिलाई ग्रहण गरिएको छ । मानिसहरू बीचमा व्यक्तिवादीपना, सङ्घर्ष, द्वन्द्व र प्रतिस्पर्धा बढ्दै गएको छ ।

अहिलेको यस्तो आधुनिक समाजमा पनि नेवार समुदायमा परम्परागत सामाजिक सङ्गठन "गुठी" विद्यमान रहेको छ । गुठीले गुठियारहरूलाई अनुशासनमा बाँध्दछ भने ऐक्यवद्ध हुन सिकाउँछ । मानिसलाई सामाजिक बन्न गुठीले सिकाउँछ किनभने यसले मानिसको सामाजिकीकरण प्रक्रिया ठूलो भूमिका खेल्दछ । नेवार समुदायका मानिसहरू जतिसुकै धनी र सम्पन्न भएपनि उनीहरू गुठीको सदस्य बन्नका लागि आतुर हुन्छन् । गुठीमा आवद्ध हुन पाउनु भनेको गर्वको विषय ठान्छन् नेवारहरू । गुठी र नेवारलाई लिएर एउटा उक्ति प्रख्यात छ - "नेवार गुठीमा नै जन्मन्छ, गुठीमा नै आफ्नो जीवनयापन गर्दछ र गुठीमा नै मर्दछ ।" गुठीले मानिसलाई समाजमा घुलमिल हुन सिकाउँछ, आफ्नो सदस्यहरू बीचमा सहयोगको भावना हुनुपर्दछ भन्ने भावना महशुस गराउँदछ । गुठी सामाजिक संस्था भएपनि यसले आर्थिक, सैद्धान्धिक र धार्मिक पक्षलाई समेट्ने गर्दछ । गुठीयारलाई ऋण उपलब्ध गराई यसले आर्थिक कारोबार पनि गर्दछ भने विभिन्न चाडपर्व, भोजभतेर आयोजना गरी संस्कृति धान्ने काम पनि गर्दछ । गुठियार र गुठी बीचको सम्बन्ध नङ र मासुको जस्तो रहेको छ जसलाई एक अर्काबाट छुट्याउन सकिदैन । गुठीले मानिसहरूमा "हाम्रो" वा "हामी" को भावना जागृत गराउँदछ । जसले गर्दा उनीहरू एक हुन्छन् । अहिलेको यस्तो आधुनिक र व्यस्त समाजमा पनि गुठीको कार्यशैली र यसको महत्वलाई बुझेर यसमा आवद्ध हुन चाहने मानिसहरूको इच्छा र मानिसको सङ्ख्याले गर्दा के बुट्न सकिन्छ भने आधुनिकीकरणले अरू पक्षमा प्रभाव पारे पनि गुठीमा आवद्ध हुनबाट मानिसलाई रोक्न सकेको छैन ।

# अध्याय सात

## सारांश, निष्कर्ष एवम् सुझाव

### ७.१ सारांश

मूलतः यो अध्ययन नेवार समुदायमा गुठी र परिवार बीचको सम्बन्ध विषयमा पो.उ.म.न.पा.वडा नं. ०३ मा आवद्ध गुठीयारहरूको एक समाजशास्त्रीय अध्ययन हो । नेवार जाति नेपालको आदिवासी जनजाति हो जसको आफ्नै छुट्टै परिचय, संस्कृति र परम्परा छ । यस अध्ययन परम्परागत सामाजिक संस्था गुठीमा केन्द्रित रहेको छ । गुठी र परिवार बीचको सम्बन्ध कस्तो छ भनी अध्ययन गरिएको छ । मानिस सामाजिक प्राणी भएको र समाज विना मानिसको कुनै अस्तित्व नभएको हुनाले “गुठी” संस्थाले केही मानवीय झुण्डहरूलाई एकतामा वाध्नुका साथै एक अर्का बीच सहयोग र सद्भाव कार्य गर्दछ । नेवारी जनजीवनमा प्रकार्यात्मक एकता झल्काई महत्त्वपूर्ण अङ्गको रूपमा कार्य गरेको छ ।

यस अध्ययनमा प्राथमिक र द्बितीय दुवै खालका तथ्याङ्क सङ्कलन गरी उद्देश्य अनुसार कार्यात्मक व्याख्याका साथै विविध तालिकामा प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अन्तरवार्ता अनुसूची, अवलोकन विधि र समूहगत छलफल विधि प्रयोग गरिएको अन्वेषणात्मक र वर्णनात्मक विश्लेषणको आधारमा पो.उ.म.न.पा. वडा नं.३ मा गुठीमा आवद्ध गुठियारहरूको जनजीवनमा पारेको सामाजिक, आर्थिक र सांस्कृतिक प्रभाव र गुठी र परिवार बीचको सम्बन्ध कस्तो छ भन्ने कुरालाई विभिन्न तथ्याङ्कका आधारमा तालिकीकरण गरी आवश्यकता अनुसार तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**मुख्य प्राप्तीहरू**

- यस अध्ययनमा रहेका उत्तरदाताहरू मध्ये धर्मका आधारमा हिन्दु धर्म मान्ने ५६.०७ प्रतिशत, लिङ्गका आधारमा पुरुष ९१.०१ पतिशत, शिक्षाको आधारमा मा.वि.तह सम्म अध्ययन गरेका २१.१ प्रतिशत, उमेरका आधारमा २६-४० उमेर समूहका ४८.९

प्रतिशत त्यसैगरी परिवारको किसिमको आधारमा एकल परिवार भएका ५८.९ प्रतिशत र पेशाका आधारमा व्यापार गर्नेहरूको सङ्ख्या ६९.९ प्रतिशत वाहुल्यता रहेको पाइयो ।

- गुठीमा आवद्ध भइसकेपछि गुठीयारहरूमा के प्रभाव पऱ्यो भन्ने धारणा बुझ्दा ६८.९० प्रतिशत आर्थिक प्रभाव, १७.७७ प्रतिशत सामाजिक प्रभाव र १३.३३ प्रतिशत सांस्कृतिक प्रभाव परेको पाइयो ।
- उत्तरदाताहरू मध्ये सामाजिक पक्ष भित्र मृत्यु संस्कारमा गुठीले सहयोग गर्दछ भन्ने ५७.७८ प्रतिशत पाइयो ।
- उत्तरदाताहरू मध्ये आर्थिक पक्ष भित्र व्यापार व्यवसायका लगानी गर्न सहयोग गरेको छ भन्नेमा ६८.८८ प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरू मध्ये सांस्कृतिक पक्ष भित्र गठीले धार्मिक क्रियाकलापमा अहम् भूमिका निर्वाह गर्दछ भन्नेमा ६० प्रतिशत रहेको पाइयो ।
- उत्तरदाताहरूमा गुठियार बीचको सहकार्यात्मक भावना बुझ्दा समानता छ भन्नेमा ७० प्रतिशत रहेको पाइयो ।
- यसैगरी उत्तरदाताहरूमा गुठीले सामाजिकीकरण प्रक्रियामा सहयोगीको भूमिका निर्वाह गर्दछ भन्नेमा ७३.३० प्रतित रहेको पाइयो ।
- उत्तरदाता मध्ये गुठीले उपलब्ध गरेको ऋणबाट फाइदा लिएको छु भन्नेमा ६७.७८ प्रतिशत रहेको पाइयो ।
- त्यसैगरी उत्तरदातालाई गुठीबाट लिएको ऋण कुन-कुन क्षेत्रमा खर्च गरिएको छ भनी प्रश्न गर्दा ५८.८९ प्रतिशत उत्तरदाताहरूले व्यवसायमा लगानी गरेको पाइयो ।

## ७.२ निष्कर्ष

गुठीमा हिन्दु धर्म मान्ने नेवारहरूको वाहुल्यता पाइयो । गुठीमा विशेषगरी पुरुषहरूको सभागिता बढी रहेको पाइयो । गुठीमा आवद्ध गुठीयारहरू प्राय गरी मा.वि.तहको शिक्षा लिनेको वाहुल्यता देखिन्छ । गुठीमा आवद्ध गुठियारहरू प्राय गरी २६-४० उमेर समूहको सहभागिता बढी देखिन्छ । वर्तमान समयमा विश्वव्यापीकरणको प्रक्रियाले गर्दा एकात्मक परिवारमा बसोबास गर्ने चाहना बढी देखिन्छ । त्यसैगरी गुठीमा आवद्ध नेवा समुदाय भित्रको सदस्यहरूको परिवारको स्वरूप हेर्दा एकात्मक परिवारमा बसोबास गर्ने सङ्ख्या बढी

देखिन्छ । नेवार जातिको परम्परागत पेशा व्यापार हो । त्यसैगरी अध्ययन क्षेत्रमा पनि नेवार जातिको पेशाको बारेमा बुभ्दा प्राय गरी व्यापारमा नै संलग्नता हुनेको सङ्ख्या अधिक पाइयो । गुठीमा आवद्ध गुठियारहरूमा गुठीले आर्थिक प्रभाव पारेको पाइन्छ । विभिन्न व्यापार व्यवसाय सञ्चालनका लागि सहुलियत दरमा ऋण प्रदान गर्ने गरेको पाइन्छ । यसले नेवार समुदायभित्र परम्परा देखि चल्दै आएको व्यापार व्यवसायलाई सघाउ पुऱ्याएको पाइन्छ । त्यस्तैगरी गुठीमा आवद्ध सदस्यहरूले सामाजिक क्रियाकलापहरू जस्तैः चाडपर्व, संस्कृति, मेला, पर्व तथा जात्रा आदि संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । गुठियारहरूबीच सहकार्य तथा प्रकार्यात्मक एकता पाइयो । त्यस्तै गरी गुठीले परिवारका सदस्यको सामाजिकीकरण प्रक्रियामा सहयोगीको भूमिका निर्वाह गरेको पाइयो । उत्तरदाताले गुठीबाट प्राप्त ऋण, व्यापारका अलावा घरायसी प्रयोजन, स्वास्थ्य उपचार तथा शिक्षाको लागि समेत खर्च गर्ने गरेको पाइयो ।

## ७.३ सुझावहरू

प्रस्तुत शोधपत्र गुठी र परिवार बीचको सम्बन्ध र गुठीले गुठियारको जनजीवनमा पारेको प्रभावमा सीमित छ । अब भावी अनुसन्धानकर्ताले निम्नलिखित विषयमा अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

- आधुनिकीकरण प्रक्रियाले गुठी सङ्गठनमा पारेको प्रभाव विषयमा अध्ययन अनुसन्धान गर्न जरूरी देखिन्छ ।
- प्रस्तुत शोधपत्र मानिस मर्दा खेरी सहयोग गर्ने सिंगुठीमा मात्र केन्द्रित छ तर नेवारी समाजमा यसका अतिरिक्त अन्य गुठीहरू पनि अस्तित्वमा रहेका छन्, भावी अनुसन्धानकर्ताले उक्त गुठीहरूको पनि अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।
- नेवारी समुदायमा प्रचलित गुठीले धर्म संस्कृतिको जगेर्नामा के-कस्तो भूमिका खेलेको छ सो विषयमा गहन अध्ययन हुन अपरिहार्य देखिन्छ ।

# सन्दर्भ सूची


अर्याल, शिवहरी (२०६८), *नेपाली समाज र संस्कृतिका धारणाहरू,* काठमाडौंः लुम्बिनी प्रकाशन ।

आचार्य, बलराम (२०६८), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौंः स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

टण्डन, गोविन्द (२०५२), *नेपालमा गुठी व्यवस्था,* काठमाडौंः नेपाल अध्ययन समूह ।

टण्डन, गोविन्द (२०५९), *गुठीमा देखा परेका समस्याहरू,* कान्तिपुर दैनिक, असोज ६ गते ।

पौड्याल, दामोदर (२०३६), *समाज र राष्ट्रको उत्थानमा गुठी व्यवस्था,* काठमाडौंः राजकीय प्रज्ञा प्रतिष्ठान ।

बज्राचार्य, धनवज्र (२०३०), *लिच्छवीकालका अभिलेख,* कान्तिपुर त्रि.वि.वि.: नेपाल एसियाली अनुसन्धान केन्द्र ।

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलबारी,* ललितपुरः हिमाल एसोसियसन ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* ललितपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दिलकुमार (२०६६), *नेवार जनजीवनमा गुठीको भूमिकाः एक अध्ययन,* अप्रकाशित शोधपत्र त्रिभुवन विश्व विद्यालय, पृथ्वीनारायण क्याम्पस पोखरा ।

कान्तिपुर दैनिक २०७१।८।१७ गते *पोखरामा दशवटा वडा थपियो* ।

केन्द्रिय तथ्याङ्क विभाग २०६८ ।

केन्द्रिय तथ्याङ्ग विभाग, २०१२ ।

वार्षिक प्रतिवेदन (सोह्रौ), नगर विकास योजना आर्थिक प्रतिवेदन २०६९/०७० ।

Bajracharya, P.H. (1959), *Newar alorriage customs and festivals*, South western Journal of Anthropology. Vol. 15, No.1 University of New Maxico PP 418-428.

Bajracharya, P.R. (1998), *Role of Guthi in Newar Buddhist culture,* Paper presented in Newari during conference on the Buddhist Heritage of Nepal Mandala held in Kathmandu, Nepal.

Bajracharya, P.R. (2008), *Newa: Buddha Sanskriti Guthi (in Newari),* Kathmandu: Lotus Research Center.

Chattopadhyay, K.P. (1980), *An essay on the history of Newari culture, educational enterprises pvt. ltd. Nepal.*

Dangol, N. (2010), *Sana guthi and the Newars: impact ofmodernization on traditional social organization*, Thesis submitted to the University of Tromso Norway.

Gurung, H. (2000), *Janjati Bikasko Jukti (in Nepali), (Indea for Development of Nationalities),* Kathmandu: Janjati Bikas Samanway Kendra.

HMG – N. (2002), *Adivasi Janjati Utthan Rastriya Pratisthan 2058 B.S.* National Foundation for Development of Indigineous Nationalities Act 2002 A.D.

Furer-Haimendorf, C.V. (1956), *Elements of Newar social structure*, The Journal of royal Anthropological Institute of Great Britain and Ireland, vol. 86, No.2, pp-15-38.

Nepali, Gopal Singh (1965), *The Newar*, India: United Asia Publication.

Prabhawandnda, S. and Isherwood, C. ed1. (1944), *The song of Bhagwat Geeta,* England: Phoenix House Ltd.

Rajbhandari, B.M. (2008), *Garva dekhi Marnoparanta ko Sanskar (in Newari and Nepali) (Rituals from birth till death and afters),* Kathmandu: Moll Printing Press.

Regmi, (1978), *Land tenure and taxation in Nepal,* Kathmandu: Ratna Pustak Bhandar.

Regmi, M.C. (1976), *Land ownership in Nepal*, Berkeky: University of Gulifornia Press.

Shakya, U. (2009), *Newari tradition:a ceremony called life*, ECS Nepal: Enriching the Nepali Way, vol. 93, issue: May, ECS Media pvt. ltd. Nepal.

Shrestha, B.G. (2002), *The ritual composition o sankhu: The socio-religious anthropology of Newar town in Nepal,* Ceiden, the Norther Lands.

Shrestha, T.B and Gupta, U.N.P. (1993), *Biodiversity profile and conservation strategy in Nepal,* Environment and Sustainable Development: Issues in Nepalese Perspective pp 1-11, Foundation for Advanced Studies, Kathmandu, Nepal.

Shrestha, U. R. (1991), *Prachina Nepalya juyawangu Kha (in Newari), (The ancient tistory of Nepal),* Kathmandu.

Toffin, G. (2007), *Newar society: city village and peripheri,* Lalitpur: Himal Books.

Toffin, G. (1975), *Jankoo: A Newar family ceremony,* Contribution to Nepalese Studies, vol. 2, No.1, Centre for Nepal and Asian Studies (CAN1), Tribhuwan University, Nepal.